## अध्याय एक (CHAPTER:ONE)

## परिचय(Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

कुनै पनि देशको सर्वभौम सिमानाभन्दा बाहिरको रोजगारीको अवसरलाई वैदेशिक रोजगारी भनिन्छ । वर्तमान विश्व परिवेशमा विकसित भएको आर्थिक उदारीकरण र विश्वव्यापीकरणको मान्यताले वैदेशिक रोजगारीको अवसरलाई विश्वव्यापी नै बनाइदिएको छ । वर्तमान समयमा सामाजिक, आर्थिक रूपान्तरणको एक सशक्त माध्यमको रूपमा वैदेशिक रोजगारीले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालको सन्दर्भमा भने वैदेशिक रोजगारीको मुद्दा कुनै नौलो होइन (रेग्मी, २०६४) ।

नेपाल विश्वका अति गरिब र कम विकसित मूलुक मध्ये एक हो । यहाँ प्रशस्त मात्रामा गरिबी, बेरोजगारी र असमानता रहेको छ । २०१३ मा HDI ०.४३ रहेको छ । (Nepal Economic Outlook, 2013/14) । आर्थिक वर्ष २०१२/१३ मा GDP १९.१ बिलियन र GDP Per Capital US Dolour 703 रहेको छ । यहाँको अर्थतन्त्रको मूल आधार नै कृषि हो । यसबाट नै दुई तिहाई जनताको गुजारा चलिरहेको छ । यही क्षेत्रमा अल्परोजगारी, अदृष्य बेरोजगारी तथा मौसमी बेरोजगारी बढिरहेको छ । योगदानका हिसाबले GDP मा कृषि क्षेत्रको योगदान  एक तिहाई ३३.९ प्रतिशत, औधोगिक क्षेत्रको योगदान १५.२ प्रतिशत र सेवा क्षेत्रको योगदान ५०.२ प्रतिशत रहि आएको छ (CBS, 2014)।

देशको अर्थ व्यवस्थालाई क्रियाशिल बनाउनमा आयको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको अर्थतन्त्रमा हाल वैदेशिक रोजगारीको योगदानको सर्वाधिक महत्व रहेको छ । देशभित्र पर्याप्त मात्रामा रोजगारीका अवसरहरू नभइरहेको अवस्थामा वर्तमान वैदेशिक रोजगारी नै नेपालको युवा जनशक्तिको रोजगारीको प्रमुख स्रोत समेत बन्न गएको छ । विगत वर्ष देखिनै वैदेशिक रोजगारीका लागि देश छोड्ने व्यक्तिहरूको संख्या बढिरहेको छ । यसरी वैदेशिक रोजगारीमा जानेहरूको संख्या २०६७/६८ मा ३,५४,७१६ जना रहेकोमा करिब आठ प्रतिहातले वृद्धि भई आ.व. २०६८/६९ मा ३,८४,६६५जना पुगेको छ (वैदेशिक रोजगार विभाग, २०६९) ।

नेपाल विकासोन्मुख राष्ट्रहरू मध्ये आर्थिक रुपमा पिछडिएको राष्ट्र मानिन्छ । नेपालमा वर्तमान अवस्थामा रहेको करिव ३ करोड जनसङ्ख्यालाई व्यवस्थित गर्न नसकिनुका साथसाथै युवा शक्तिलाई स्वदेशमा रोजगारीको अभावको कारणले गर्दा वैदेशिक रोजगारीको अभावको कारणले गर्दा वैदेशिक रोजगारीको अभावको कारणले गर्दा वैदेशिक रोजगारीको प्रवाह तीव्र रुपमा बढेको  छ । विश्वमा मानव सभ्याताको साथसाथै मानव साधनहरुको आवत जावत तीव्र रुपमा बढेको छ । विश्वका बहुसङ्ख्यक विकासोन्मुख मुलुकहरुको अर्थतन्त्र क्रमशः खस्कदै गएको कारण गरिबी र बेरोजगारीकै चपेटामा परेको मुलुकहरुका लागि यसबाट उम्कने माध्यमको रुपमा वैदेशिक रोजगारी देखिन आएको छ (घिमिरे २०६३) ।

नेपालको भौगोलिक वनोट हेर्दा अत्यन्त विविधतापूर्ण भएपनि इतिहासमा सधैंभरि आफू र आफ्नो इतिहासलाई अक्षुण राख्न सफल भएको देश हो । इतिहासलाई हेर्दा विभिन्न समयदेखि नै नेपालीहरू विविध उद्देश्यले विभिन्न देशहरुमा पुगेका चर्चाहरू पाइन्छन् । सन् १८१६ मा सुगौली सन्धि पछि देखि नै नेपालीहरू कामको खोजीमा देश बाहिर जानेक्रम शुरू भएको हो । त्यसैगरी नेपालको सीमाना खुल्ला तथा जोडिएको कारण तत्कालिन हिन्दुस्थानसँग सामाजिक, आर्थिक तथा सास्कृतिक सम्वन्ध पाइन्छ । जव देशमा अंग्रेजको आक्रमण भयो, सो आक्रमणमा नेपाली वीर पुर्खाहरूले देखाएका वीरताका कारण तथा नेपालको माया नेपालीहरूलाई आफ्नो गर्दन भन्दा पनि प्यारो ठानेको देखेर उनीहरूले नेपाली वीर योद्धाहरूलाई आफ्नो सेनामा सामेल गर्न चाहन्थे । त्यसैको परिणाम स्वरूप नेपालीहरूलाई इष्ट इन्डिया कम्पनिमा सामेल गराउन थालियो । जसका लागि उक्त कम्पनिले तीनवटा रेजिमेन्ट स्थापना गऱ्यो र ती रेजिमेन्टमा भर्ती हुन नेपालीहरू विशेष गरी हालको गोरखा, तनहुँ, कास्की, लम्जुङ्ग आदि क्षेत्रबाट बढिमात्रामा जानेकारण त्यसवेला नेपाली भन्दा गोरखाको नामले चिनिन्थे । यसरी लाहोर जाने क्रम विस्तार हुँदै गएको कारण उनीहरूलाई लाहुरे भनिन थालियो (पण्डित २०५७) ।

नेपालको एकीकरण पछि नेपालीहरू विभिन्न देशमा पुगेका थिए जसको मुख्य उद्देश्य रोजगारी प्राप्तिको लागि नै विदेशिने गरेका थिए । सन् १८१५ भन्दा अगाडि नेपालीहरू भारतको मेघालय, आसाम, मणिपुर आदि ठाउँमा पुगेका थिए । वैदेशिक रोजगारीमा जाने प्रकृया फरक -फरक भएतापनि मुख्य उद्देश्य आय आर्जन नै हो । मानिसहरू अवसरको खोजीका साथै आफ्ना विविध आवश्यकतालाई पूरा गर्नको लागि वाध्य भएर रोनगारको अवसर खोज्दै विदेश जान थाले जहाँ अन्तिम विकल्पको रूपमा आजपनि यस व्यावसायलाई लिइएको पाइन्छ । सरकारी तथा गैर सरकारी संस्थाहरू मार्फत विदेशिएका नेपालीहरूको वेलावखतको पीरमर्का अन्याय र शोषणलाई विभिन्न सञ्चार माध्यमबाट पनि प्रकाशित तथा प्रसारित गर्न थालियो । जसको कारणले सम्बन्धित निकायको ध्यान जान थाल्यो । त्यसैगरी सरकारले पनि यस व्यावसायलाई व्यवस्थि तगर्नको लागि बेलावखतमा विभिन्न आयोग तथा समितिहरू गठन गरि नीति नियमलाई परिमार्जन गर्दै लाने प्रयास गरेको पाइन्छ । हाल आएर सरकारले वैदेशिक रोजगारका संभावना अधिक भएका मुलुकहरूसँग सोझै कुटनीतिक नियोगहरू गठन गरी तिनिहरूलाई परिचालन गरेको छ (रा.यो.आ., २०६४) ।

नेपालमा रोजगार प्रवर्द्धनका लागि सरकारी स्तरबाट अनुकुल वातावरणको सिर्जना कार्य वि.स.२०२८ सालमा श्रम विभागको स्थापना सँगै सुरू भएको हो । तत्कालिन समयमा उद्योग मन्त्रालय अन्तर्गत स्थापित श्राम विभागबाट कारखाना निरिक्षण र श्रम विवाद समाधान केन्द्रित रहदा विभागको कार्य क्षेत्र आन्तरिक श्रमशक्तिको व्यवस्थापन गर्नमा मात्र सीमित रहको थियो । समयको विकास क्रमसँगै देश भित्रको श्रम शक्तिको वैदेशिक रोजगारीमा जाने श्रम शुरू भएपछि नेपाल सरकारबाट वैदेशिक रोजगार ऐन, २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्य क्षेत्र विस्तार गरी विभागको नाम, श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम गरियो । यसैक्रममा विभागले गर्दै आएको वैदेशिक रोजगार सम्बन्धि कार्यको जटिलता र बढ्दो कार्य वोझलाई सम्बोधन गरी समसामयिक सुधार ल्याइएको वैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्था अनुरूप श्रम विभागबाट अलग गरी २०६५ पुष १६ गते वैदेशिक रोजगार विभाग स्थापना भयो (वैदेशिक रोजगार विभाग, २०७०) ।

नेपालको लागि वैदेशिक रोजगार अहिले आम नेपाली नागरिकहरूलाई अपरिहार्य जस्तै बनेको छ । चाहे शिक्षित हुन वा अशिक्षित दुवै प्रकारका युवाहरू विदेशिने क्रम बढ्दो मात्रामा छ । अशिक्षित र अर्ध शिक्षित युवाहरूका लागि अहिले रोजगारीको गन्तव्य स्थलहरूको यो क्रम १८१४/१५ देखि सुरू भएको इतिहासले देखाउँछ । त्यति बेला नेपाली युवाहरू बेलायति सेना अन्तर्गत धार्दिङ्ग रेजिमेन्टको नाममा युद्ध लड्न गएका थिए । अरेवियन मुलुकमा भने रोजगारीका लागि नेपालीहरू आजभन्दा झण्डै ३५ वर्ष पहिले देखि गएको देखिन्छ । हाद दैनिक १५ सय देखि १८ सय सुवाहरू वैदेशिक रोजगारीमा जाने गरेको तथ्याङ्क बाहिर आउने गरेको छ । राष्ट्र निर्माणका लागि चाहिने यति ठूलो युवा शक्ति विदेश पलायन हुँदा पनि सरकारले खासै यस समस्याको समाधान गर्न सकिरहेको छैन (लम्साल, २०७१) ।

कुनै पनि व्यक्ति र पविारको आर्थिक अवस्थाले उनीहरूको बालबालिकाको शैक्षिक अवस्थामा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ भनी बताएका छन् । त्यसै गरी वैदेशिक रोजगारीमा  जाने व्यक्तिहरूले प्राप्त विप्रषणले पनि उनीहरूका बालबालिकाहरूको शिक्षा क्षेत्रमा प्रभाव पार्ने गरेको पाइन्छ । आर्थिक खवस्था कमजोर भएकै कारणले युवाहरू वैदेशिक रोजगारीमा जाने गर्दछन् । मुनै पनि व्यक्तिको चलअचल सम्पति, उपभोग, उत्पादन र आय नै त्यस व्यक्तिको आर्थिक अवस्था हो । आर्थिक अवस्था सँग सँगै शैक्षिक अवस्था पनि जोडिएर आउने गर्दछ । ग्रामिण क्षेत्रमा आर्थिक अवस्था बलियो हुनेहरूले आफ्नो बाल गुणस्तरीय शिक्षा प्रदान गरिरहेका हुदैनन् । बालबालिकाहरूको सिल, स्वभाव, क्षमता शिक्षा हासिल गर्ने संस्था आदि उनीहरूको शैक्षिक अवस्था सुधार वा परिवर्तन गर्नका लागि अभिभावकहरूको सोचाई र आर्थिक पक्षले महत्वपूर्ण भूमिका खलेको हुन्छ (सटौला, २०६८) ।

विश्वव्यापीकरणको माहोलसँगै सूचना र प्रविधिले फड्को मारेको यो अवस्थामा आज प्रत्येक नेपालीहरूलाई पनि आफ्नो बालबालिकाहरूको भविष्य प्रति चासोको विषय बनेको छ । सुचना  प्रविधिसँग प्रतिस्पर्धा गर्न तथा गुणस्थरीय शिक्षा आफ्ना बालबालिकाहरूलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गइरहेको छ । यसमा वेरोजगारी तथा अवसरको कमिले गर्दा बालबालिकाहरू प्रतिको दायित्व निभाउन नसकिरहेको अवस्थामा वैदेशिक रोजगार अहिले सहज बन्दै गइरहेको छ । यद्यपी वैदेशिक रोजगारीको आम्दानीले उनीहरूको बालबालिकाको शैक्षिक स्थितिमा सुधार देखा परेको छ कि छैन यस विषयमा यथार्थ जानकारी हाँसिल गर्न यस सोधमा प्रयोग गरिएको छ ( रेग्मी,२०६९) ।

देशको अर्थतन्त्रलाई त्रिलयाशिल बनाउनुमा आय तथा रोजगारीका महत्वपूर्ण भूमिका रहन्छ । यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा हाल वैदेशिक रोजगारीको योगदान सबैभन्दा बढी रहेको छ ।  देश भित्र पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध नभइरहेको वर्तमान अवस्थामा वैदेशिक रोजगारी नै नेपाली युवा जनशक्तिको लागि रोजगारीको प्रमुख स्रोत बन्न गएको छ । विगत दशकदेखि वैदेशिक रोजगारीका लागि देश छाड्ने व्यक्तिहरूको संख्या प्रति वर्ष बढिरहेको छ । यसरी वैदेशिक रोजगारीमा जानेहरूमको संख्या आर्थिक वर्ष २०६७/०६८ मा ३,३४,७१६ जना रहेकोमा करिब ८ प्रतिशतले वृद्धि भइ आ.व. २०६८/६९ को दास्रो चौमासिक सम्ममा विदेशमा जानेहरूको संख्या २,५०,१७५ जना पुगेको छ । गत आ.व. मा विदेशमा काम गर्न जाने व्यक्तिहरूबाट विप्रेषणको

रूपमा रु ३,३०,०९ अर्ब भित्रिएको छ । उक्त रकम कुल ग्राहस्थ उत्पादनको २१.२ प्रतिशत हुने तथ्य सर्वेक्षणमा २०६८/०६९ मा उल्लेख भएको छ (वैदेशिक रोजगार विभाग, (२०६८) ।

### १.२ समस्याको कथन (Statement of the Problem)

बजेट बक्तव्य २०७१/७२ अनुसार नेपालको गरिबी २३.८ प्रतिशत रहेको अवस्था छ । गरिबी हटाउनको निम्ति एकमात्र अचुक उपाय रोजगारीका सृजना हो तर पूँजीको अभाव, उद्यमशिलताको अभाव, राजनीतिक स्थिरताको अभाव, उच्च जोखिम कानुनी झन्जट जस्ता कारण न्यून लगानी हुनाले उत्पादन तथा रोजगारीका अवसरहरू वृद्धि हुन नसकिरहेको अवस्थामा परिवारको आर्थिक संकट टार्न विदेशिन आजका युवाको बाध्यता बनेको छ । निश्चित काम तथा उच्च ज्याला प्राप्त हुने केहि उदाहरणलाई आधार बनाएर हाल देशका शिक्षित वर्गहरू समेत वैदेशिक रोजगारीमा आर्थिक भई रहेको पाइन्छ (Almost half of household hsve at least on migrant abroad,one third of working male population may be abroad-Nepal Economic outlook 2013/14 summary report IIDS)

यसरी आफ्नो परिवार समाज र देश नै छोडेर सुनौलो सम्पन्न आरामदायी भविष्यको कल्पनामा रमाउदै आफनो शिक्षालाई थाति राखेर दैनिक हजारै युवायुवतीवैदेशिक रोजगारीमा गइरहेका छन् र यो क्रम दिनानुदिन बढ्दो छ पनि छ । नेपालमा उच्च शिक्षा हासिल गरेका तथा व्यावसायिक शिक्षा हासिल गरेका युवाहरू विदेश पलायन हुने तथा सामान्य किसिमको शिक्षा हासिल गरेका युवाहरू प्राय जसो खाडी राष्ट्रमा जाने क्रम बढिरहेको छ । तर के तिनिहरूको आर्थिक अवस्थामा सुधार आएको छ त ? के तिनका बालबालिकाका शैक्षिक अवसर बढेका छन् ? के तिनिहरू कुनै सीप सिकेर विदेश गएका थिए ? के तिनिहरूले विदेशमा सिकेका सीप स्वदेशमा प्रयोग गरिरहेका छन् ? के तिनिहरूले प्राप्त आम्दानी सदुपयोग गरिहेका छन् ? आदि पश्नको जवाफ खोजि वैदेशिक रोजगारीमा अपनाउनुपर्ने सतर्कता तथा ठोस सुझाव प्रदान गर्नमा यो अनुसन्धान लक्षित रहेको छ ।

वर्तमान समयमा पनि नेपाली युवाहरूले रोजगारी नपाउनु नै अहिलेको नेपालमा देखिएको एउटा गम्भिर समस्या हो । हिमाल, पपहाड र तराईमा प्रसस्त मात्रामा पूर्वाधार विकास हुन नसक्नु नै बेरोजगारी उत्पन्न हुनु हो । साथै ग्रामिण क्षेत्रमा देखा परेका यस्ता पूर्वाधारको कमि र बढी बेरोजगारी देखा परेको ग्रामिण अर्थतन्त्रलाई माथि उकास्न, बेरोजगारी, गरिबीलाई हटाउन वैदेशिक रोजगारले राम्रो भुमिका खेल्दछ । त्यसैले वैदेशिक रोजगार नेपालको अर्थतन्त्रको विकासमा प्रमुख माध्यम भएकोले यस अध्ययनले खोज अनुसन्धान समाजमा विद्यमान सकारात्मक र नकारात्मक प्रभावको सम्बन्धमा ठोस सल्लाह, सुझावर निष्कर्ष अध्ययनको प्रमुख पक्ष रहेको छ ।

वैदेशिक रोजगारीमा अवसर तथा आम्दानी पनि राम्रै हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीमा अवसर तथा आम्दानी पनि राम्रो नै हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीमा रहदा आम्दानी सबै बालबालिकाहरूको पढाइमा तथा विभिन्न वस्तुहरूको उवयोगमै सकिन्छ भन्ने हुदन ।

नेपालको पछिल्लो जनगणना अनुसार नेपालको जनसङ्ख्या लगभगतीन करोड पुगी सकेको छ र समयको साथसाथै युवा वेरोजगारीहरू बढ्ने क्रम पनि जारी छ । अशिक्षित बेरोजगारीको अवसर नहुँदा शिक्षित बेरोजगारहरूको संख्या पनि त्यतिकै छ । विभिन्न क्षेत्रमा शिक्षा प्रदान गर्नु निजि तथा सरकारी कलेजहरू शैक्षिक वेरोजगारहरू उत्पादन गर्ने उद्योग मात्र बनेका छन् । यसरी शिक्षित अशिक्षित युवा वेरोजगारहरूको रोजगारी प्राप्त गर्ने वैकल्पिक मार्ग वैदेशिक रोजगार नै बनेको छ । वर्तमान समयमा नेपालको परिपेक्षमा विप्रेषणबाट प्राप्त आयलाई अर्थपूर्ण रूपमा र अर्थपूर्ण क्षेत्रमा उपयोग गर्न सकिएमा आर्थिक, सामाजिक र शैक्षिंक क्षेत्रमा समेत राम्रो गर्न सकिन्छ । विदेशका विभिन्न ठाउँमा र क्षेत्रमा काम गरी सिकेको सिपलाई फर्केर आफ्नै भूमिका सदुपयोग गर्न सकेको खण्डमा नयाँ नेपाल निर्माणमा पक्कै पनि नयाँ उर्जाको भूमिका निभाउने थियो ।

लामो समयदेखि नेपालको प्रमुख आर्थिक चुनौतीहरुमध्ये वेरोजगारी पनि एक प्रमुख चुनौतीको रुपमा रहेको पाइन्छ ।रोजगार वृद्धिका लागि नेपाल सरकारले विभिन्न आर्थिक वर्षहरुमा विभिन्न योजना तथा कार्यक्रमहरू साथै अर्थनीतिहरू पनि अख्तियार गर्दै आइरहेको छ तर परिणाम भने सन्तोषजनक नरहेको यथार्थ विभिन्न तथ्याङ्कहरू तथा दैनिक जिवनमा देख्न सकिन्छ । नेपालका उच्च शिक्षा हासिल गरेका तथा प्राविधिक व्यावसायिक शिक्षा हासिल गरेका युवाहरू विदेश पलायन हुने तथा सामान्य किसिमका शिक्षा हासिल गरेका युवाहरू पनि विभिन्न देशमा श्रमिकको रुपमा वैदेशिक रोजगारीका निम्ति विदेश जाने क्रम दिनानुदिन वृद्धि भइरहेको छ । अतः यो अध्ययनलेवैदेशिक रोजगार अनि यसले प्रत्यक्षपारोक्ष रुपमा आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावका बारेमा निम्न प्रश्नशरुको वैज्ञानिक उतर दिने प्रयत्न गर्दछः

- वैदेशिक रोजगारमा गएपछि सम्बन्धित व्यक्तिको परिवारको आर्थिक अवस्थामा सुधार भएको छ या छैन ?
- वैदेशिक रोजगारमा गएपछि सम्बन्धित परिवारको शिक्षा क्षेत्रमा लगानि गर्ने क्षमतामा के कस्तो वृद्धि भएको छ ?
- वैदेशिक रोजगारीकै कारणले व्यक्ति र उसको परिवारको सामाजिक स्तरमा के कस्तो प्रभाव परेको छ ?

## १.३ अध्ययनका उद्देश्यहरू (Obejectives of the Study)

यो अध्ययनको मूलभूत उद्देश्य वैदेशिक रोजगार अनि यसले सम्बन्धित व्यक्तिको परिवारको विभिन्न आयामहरुमा पारेको प्रभावको वारेमा उत्खनन गर्नु रहेता पनि  यसका निम्नलिखित निर्दिष्ट उद्देश्यहरू तय गरिएका छन्:

- वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवारको रोजगारमा जानुअघि र पछिको आयको तुलनात्मक अध्ययन गर्नु ।

- वैदेशिक रोजगारी पूर्व र पश्चात् उनीहरूका बालबालिकाको शैक्षिक क्षेत्रमा परेको प्रभाव पत्ता लगाउनु ।
- वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवारको सामाजिक स्तरमा परेको प्रभाव र परिवर्तनको तुलनात्मक तथा गुणात्मक अवस्था पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व (Significance of the Study)

यो अध्ययन इलाम जिल्लाको इलाम नगरपालिकाबाट वैदेशिक रोजगारीका लागि विदेश जाने श्रमशक्तिले आफ्नो आर्थिक तथा शैक्षिक, अवस्थालाई कुन रुपमा परिवर्तन गरेका छन् तथा सामाजमा आफूलाई कसरी स्थापित गराएका छन् भन्ने कुरा पत्ता लगाउन उपयोगि हुनेछ । यसका साथै वैदेशिक रोजगारीबाट व्यक्तिहरुको आर्थिक एवं शैक्षिक क्षेत्रमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउनका लागि पनि यो अध्ययन उपयोगी हुनेछ । यसका साथै वैदेशिक रोजगारीमा गएका श्रमशक्तिको परिवारको वैदेशिक रोजगारीमा जानुभन्दा अघि र गइसकेपछिको उनीहरुको आर्थिक, शैक्षिक तथा सामाजिक शवस्थामा आएको परिवर्तनबीचको तुलना गर्नको लागि पनि यो अध्ययन महत्वपूर्ण हुनेछ । यस अध्ययनले वैदेशिक रोजगारीको बारेमा चासो तथा खोज गर्ने व्यक्तिका साथै पछि आउने अनुसन्धानकर्ता लगायत सम्बन्धित तहमा नीति निर्माणमा जुटेका व्यक्ति तथा संस्थालाई पनि सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ । त्यसैगरी आज आएर वैदेशिक रोजगारी एउटा जटिल विषय बन्दै गएको अवस्थामा वैदेशिक रोजगारीको असर तथा त्यसको समस्या समाधानमा समबन्धित पक्षको ध्यानाकर्षण गराउनको लागि यस अध्ययनको ठूलो महत्व हुने आशा गरिएको छ ।

## १.५ अध्ययनका सीमाहरू (Limitations of the Study)

सीमित स्रोत र साधनको कारण अध्ययनलाई निश्चित सीमामा सीमावद्ध गर्नु जरुरी हुन्छ । जसले गर्दा अध्ययनको उद्देश्यलाई सजिलै प्राप्त गर्न सकिन्छ । यस अध्ययनलाई निम्नानुसार सीमावद्ध गरिएको छ :

- यो अध्ययन इलाम जिल्लाको देउमाई नगरपालिकाको २,३ र ४ गरी ३ वटा वडामा पर्ने घरधुरीलाई छनौट गरी समावेश गरिएको छ ।
- यस अध्ययनमा वि.स.२०६८ देखि २०७४ साल सम्म वैदेशिक रोजगारीमा गएका श्रमिकहरू र उनीहरुको परिवारलाई मात्र सीमित गरिनेछ ।
- यस अध्ययनको निष्कर्षलाई अन्य देशको सन्दर्भमा तुलना नगर्न पनि सकिन्छ ।
- यो शैक्षणिक प्रयोजनको लागि मात्र गरिएको शोधपत्रका आफ्नै सीमाहरू रहेका छन् ।
- यो अध्ययन वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर साउदी, कतार, मलेसिया, ओमन, दुबइ, बहराइन, कुवेत, र दक्षिण कोरियामा गइ फर्किएका र उही रहेका पुरुष तथा महिलाको परिवारमा मात्र सिमित रहेको छ ।
- निश्चित समयावधि, निश्चित स्रोत र साधन निर्दिष्ट उद्देश्यहरू यस अध्ययनका अन्य सीमाहरू हुन् ।

## १.७ मुख्य शव्दावलीको परिभाषा (Definations of the Main Study)

विप्रेषण - विदेशबाट प्राप्त भएका आय

वैदेशिक रोजगार - कामको सिलसिलामा विदेशमा गएर कमाउनु

परिवार - एउटै छानामुनी, एउटै भान्छामा खाने सम्पूर्ण व्यक्तिहरूको समूह

प्रश्नावली - प्रश्नहरूको शृङ्खला भएको एउटा साधन ।

निति निर्माण - कुनै पनि कार्यक्रम सञ्चालन गर्नको लागि बनाइएको नियम

आम्दानी - वस्तु तथा सेवा विक्रि गरेबापत प्राप्त रकम

खर्च - वस्तु तथा सेवा खरीद गर्दा भुक्तान गरिने रकम

बचत - आम्दानी र खर्च बीचको अन्तर

जनसङ्ख्या - अनुसन्धानको लागि छनोट गरिएका सम्पूर्ण मानिसहरूको समूह

नमुना - ठूलो जनसङ्ख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूह

नमुना छनोट - ठूलो समूहबाट केही एकाईहरू छनोट गर्ने प्रक्रिया

निरक्षर - पढ्न लेख्न नजान्ने

साक्षर - पढ्न लेख्न जान्ने

सरकारी विद्यालय - सरकारको सम्पतिबाट स्थापित र सञ्चालित विद्यालय

निजी विद्यालय - व्यक्तिगत सम्पतिबाट स्थापित र सञ्चालित विद्यालय

मूल्य - वस्तु तथा सेवाको मुद्रामा व्यक्त रूप

वार्षिक - १२ महिनाको समय

लेवर - कुनै विशिष्ट सीप नसिकेको

## १.६ अध्ययनको सङ्गठन (Organization of the Study)

यस अध्ययनको अध्याय एकमा परिचय खण्ड हुनेछ । यस अन्तर्गत अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्धेश्य, अध्ययनको महत्व, अध्ययनको सीमा र अध्ययनको सङ्गठन समावेश गरिने छ। अध्याय दुईमा साहित्यको पुनरावलोकन रहनेछ। जस अन्तर्गत सैदान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकनक, अध्ययनको कार्यान्वियन, अध्ययनको अवधारणात्मक ढाँचा, अध्ययनको कार्यात्मक ढाँचा रहनेछ। अध्याय तीनमा अनुसन्धान विधि र प्रकृया रहनेछ। जसमा अध्ययनको ढाँचा, तथ्याङ्कका स्रोतहरु, प्राथमिक तथ्याङ्क, द्धितिय तथ्याङ्क, जनसंख्या र नमुना छनोट रणनीति, तथ्याङ्क संकलनका औजारहरु, तथ्याङ्क सङ्कलन प्रविधि र तथ्याङ्क विश्लेषण प्रक्रिया रहनेछ । यस सँगै अध्ययनको सिलसिलामा उपयोगमा ल्याइएका अनुसुचीहरू तथा सन्दर्भसूचीहरू समावेश गरिने छ।

## अध्याय दुई (CHAPTER:TWO)

## २ साहित्यको पूनरावलोकन (Review of the Related Literature)

यस अध्ययनमा सोधपत्र तयार गर्ने क्रममा आफ्नो विषयसँग सम्बन्धित विभिन्न प्रकाशित लेख रचना तथा साहित्यको पुनरावलोकन गरिएको छ । जसबाट केही उल्लेखनीया विवरण तल प्रश्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पूनरावलोकन (Review of the Theoritical Literature)

वैदेशिक रोजगारीले आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धमा विगत देखि वर्तमान सम्म विभिन्न प्रकारका खोज अनुसन्धान हुँदै आएका छन् । यस अध्ययनमा विभिन्न विद्वान, लेख रचना ,व्यक्तिगत प्रयास आदिबाट अध्ययन अनुसन्धान र विश्लेषणलाई पुनरावलोकन तथा समिक्षा गरिएको छ ।

अर्थ वाणिज्य, (२०७१) का अनुसार, रोजगारीले नेपालीहरूको चुलो मात्रै बलेको छ की शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँच समेत पुऱ्याएको छ । विकास निर्माणका स-साना गतिविधि देखि लिएर विवाह, ब्रतवन्धमा समेत सहयोग  गरेको छ यतिमात्र नभई रेमिटेन्स नेपाल जस्तो राजनैतिक अस्थिरताले गाँजेको मुलुकका लागि वरदान सावित भएको छ । यसर्थ रेमिटेन्सका कारण बढेको कुल गाह्रस्थ उत्पादन र राष्ट्रिय उत्पादनको अनुपातमा हिसाब गरेर रमाृने जो कोहिले पनि नेपाली कामदारले पराई भूमिमा चुहाएको पसिनाको मुल्य र तीनको अवस्थालाई भुलेर अगाडि बढ्न नितान्त नराम्रो हो ।

जिवनस्तर सर्वेक्षण, (२०६०) का अनुसार, वैदेशिक रोजगारमा हालसम्म कति नेपाली गए र कति नेपाली घर फर्के भन्ने स्पष्ट र भरपर्दो अभिलेख कतै पाईदैन वैदेशिक रोजगारसँगा सम्बद्ध व्यावसायिहरूका अनुसार हालसम्म खाडी राष्ट्रहरूमा मात्र करिब २ लाख ५० हजार नेपालीहरू कार्यरत छन् तर सरकारी तथ्याङ्कमा हेर्दा हालसम्म ५० हजार जति  नेपाली कामदार विदेशिएको देखिन्छ । यी परस्पट विरोधी भनाइबाट के थाहा हुन्छ भने वैदेशिक रोजगारीमा जाने अधिकांश व्यक्ति गैरकानुनी तरिकाबाट विदेशिएका छन् । यसले गर्दा कुन देशमा कुन नेपालीको अवस्था के छ भन्ने कुरा सरकारलाई समेत थाहा नहुने स्थिति छ । साउदी अरेविया बाहेक कतार, कुबेत, संयुक्त अरव इमिरेट्स, साइप्रस, मलेसिया जस्ता देशमा नेपाली कामदारहरू बढी भए पनि धेरैजसो देशमा नेपाली राजदुतावास नहुँदा यथार्थ सुचना थाहा पाउन सम्बन्धित पक्षलाई गाह्रो परेको छ । भारत अरवराष्ट्रहरू तथा वंगलादेश आदिबाट दलालहरू मार्फत कोटा किनेर विदेशमा कामदार पठाउने नेपाली एजेन्सीहरू मध्ये कतिपयले कानुनी झमेलामा नेपाली कामदारलाई विदेश पठाउँछन् ।

अर्थमन्त्रालय, (२०७०) का अनुसार, आर्थिक वर्ष ६८/६९ सम्म आइपुग्दा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर जाने कामदारको संख्या २२ लाख ६५ हजार पुगेको छ । मलेसिया, कतार, संयुक्त अरब, इमिरेट्स, दक्षिण कोरिया र जापानमा रहेका नेपाली कामदारले बढि रेमिटेन्स मुलुकको लागि वैदेशिक रोजगारीको नेपालको पछिल्लो अवस्था र कानुनी प्रावधानलाई नजरअन्दाज गर्दा विदेशबाट बढो दुःखका साथ नेपाली कामदारले पठाएको रकममा गर्व गर्ने सरकार अनि तिनका नाइकेहरूले शीर ठाडो पार्न समेत नसक्नु पर्ने हो तर बिडम्वना उनीहरू नै अति छाति फुलाएर भाषण गर्दै हिड्छन् फलानो आर्थिक वर्षमा यति रेमिटेन्स भित्रियो भनेर ।

अन्तराष्ट्रिय श्रम संगठन, (ILO), १९८३ ले रोजगारीको परिभाषा दिएअनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिस जो कुनै निश्चित समयसम्म काम गर्दछन् भने त्यसलाई रोजगारी भनिन्छ । त्यसैगरी नगद अथवा सेवा वा वस्तुको रूपमा प्रतिफल लिई काम गर्नुलाई ज्याला भुक्तानी, रोजगार र आफ्नै व्यावसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगार भन्दछन । यसरी अनौपचारिक रूपमा धेरै पहिलादेखि सञ्चालनमा आएको यो व्यावसायलाई सरकारी स्तरबाट मान्यता दिई ऐनमा बावद्ध गरिएको भने धेरै भएको छैन । जहाँ वि. स. २०४२ सालमा तत्कालिन सरकारले वैदेशिक रोजगार ऐन २०४२ सार्वजनिक गरिएको थियो । यसै ऐनको धारा २ को 'ख' मा विषय र प्रसंगले अर्को अर्थ नलागेमा वैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ भनिएको छ । त्यसैगरी धाराको'ग' मा वैदेशिक रोजगार उपलब्ध गराएको कार्य सम्झनु पर्छ । यस शब्दले रोजगार दिने वा दिलाउने संस्थाको प्रतिनिधिको रूपमा कामदार छनोट गर्ने कार्य समेतलाई जनाउदछ (कानुन किताव व्यवस्था समिति,२०५६) ।

दाहाल, (२०५५) वैदेशिक रोजगारी भन्नाले आफ्नो देशको सीमा नाघेर अर्को देशमा जानु र श्रमको मूल्य भन्ने बुझिन्छ । यसै क्रममा नेपाल सरकार अन्तर्गत श्रम मन्त्रालयले श्रम सम्बन्धि ऐनले केही परिभाषा दिएको भएपनि अन्य संघसंस्थाहरूले यस सम्बन्धि परिभाषा दिएको पाइदैन । वैदेशिक रोजगारीको परिभाषाको सवालमा स्पष्ट हुनुपर्ने कुरा के छ भने कुन देशमा कति हदसम्म गरिएको कामलाई वैदेशिक रोजगारमा राखिने हो ? त्यो सवालमा कुनैपनि निकायले प्रष्ट पारेको छैन । 'नेपाली वृहत शब्दकोष' अनुसार वैदेशिक रोजगार भन्नाले जिविका वा इलम उद्योगका लागि गरिने काम भन्ने बुझिन्छ । तर विविध पेशा तथा व्यावसायमा आवद्ध भएर भारतका विभिन्न । यसको मुख्य रहस्य सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशका जनतालाई स्वतन्त्रतापूर्वक आवतजावत गर्न दिइने तथा सम्पति र सुरक्षाको अधिकार दिइएको हुन्छ । वैदेशिक रोजगार भन्नाले निश्चित प्रतिफलको आशामा अथवा व्यवस्था सहित एक देशबाट अर्को देशमा गई विभिन्न क्षेत्रमा श्रमको उपयोग गर्ने विधिलाई वैदेशिक रोजगारी भनिन्छ ।

नेपाल राष्ट्र बैङ्क, (२०६२) को एक अध्ययन अनुसार विश्वमा मानव सभ्याताको विकासका साथसाथै मानव साधनहरूको आवतजावत तीब्र हुदै गएको पाइन्छ । वाष्फ इन्जिनको आविष्कार र औधोगिक क्रान्तिले विशेष गरी पशिचिमी मूलुकको अर्थतन्त्रमा सकारात्मक असर पार्दै गयो र द्रुत रूपमा चलेको औधोगिकीकरणका कारण पशिचिमी मूलुकहरूलाई श्रमशक्तिको अभावको पूर्ति प्रायः एशियाली, अफ्रिकी, ल्याटिन अमेरिकी र युरोपेली मूलुकहरूबाट हुन गयो । यसरी हेर्दा के पाइन्छ भने विकासको कारण नै अन्तराष्ट्रिय जगतमा श्रम र मानवीय

शक्तिको ओसारपसार हुन गयो र यो प्रकृया यद्यपी चलिरहेको पाइन्छ । हाल विश्वका बहुसंख्यक विकासोन्मुख मूलुकहरूको अर्थतन्त्र क्रमशः गिरावट आएको कारण गरिबी र बेरोजगारीको कारण पछि परेका र यसबाट उम्कने एउटा राम्रो माध्यमको रूपमा वैदेशिक रोजगारी देखिन आएको छ ।

पोखरेल, (२०५७) का अनुसार यस्तो छनौट प्रक्रियामा सरकारी पक्षको सहभागिता हुनुपर्नेमा त्यस्तो नभएको पाईयो । अर्कोतर्फ संस्था वा वैदेशिक रोजगारी एजेन्सिले जुन देशमा आफ्ना श्रमिक पठाउने हो त्यहाँको कम्पनिबाट माग लिएर त्यसलाई त्यहाँका सम्बन्धित निकायले सिफारिस गरिसकेपछि नेपालको वैदेशिक रोजगार एजेन्सिमा आउँदछ ।वैदेशिक रोजगारीले त्यसलाई नियमित प्रकाशन हुने राष्ट्रिय पत्रिकामा सम्पूर्ण विवरण स्पष्ट खुलाई विज्ञापन गरी निष्पक्ष प्रस्पिर्धाबाट उम्मेद्वारको छनौट हुनुपर्ने कानुनमा स्पष्ट उल्लेख रहेको छ । तर यसरी ल्याइएका भिषाहरूको अस्वस्थ रूपमा प्रतिस्पर्धा भएको पाइन्छ । समग्र नेपालीलाई घाटा हुने र विदेशीलाई नाफा हुने गरी यहाँका मेनपावर एजेन्सिहरू बीच प्रतिस्पर्धा हुन्छ । भिषा स्वीकृत भइसकेपछि विभिन्न माध्यमहरूबाट श्रमिकहरूसँग रूपैयाँ लिने काम गरिन्छ । यसमा पनि सरकारी निकायको अभाव देखिन्छ । श्रमिकहरू नेपालबाट गन्तव्य देशमा जानुभन्दा अघि दुवै पक्षको सहमति पत्रमा हस्ताक्षर गरिन्छ । यति बेलानै सम्बन्धित कामदारलाई सबै पक्षको जस्तैः स्थान,काम, तलव सुविधा आदि बारेमा संस्थाहरूले स्पष्ट पार्नुपर्ने हुन्छ । सरकारी क्षेत्रबाट वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन विभिन्न निकायहरू स्थापना भएको पाइन्छ । वि.सं. २०१५ सालमा नेपालमा जननिर्वाचित सरकार आएपछि वि.सं. २०१६ सालमा नेपाली कामदारहरूको हित र संरक्षणको लागि नेपाल कारखाना र कारखानामा काम गर्ने मजदुर सम्बन्धि ऐन लागु भयो । यसको कार्यान्वयन भने उद्योग विभागले गर्थ्यो । वि.सं. २०१३ सालमा जब नेपाल (ILO) को सदस्य बन्यो त्यसपछि यसको सहयोग र निर्देशनमा नेपालमा पनि श्रम विभागमा एउटा रोजगार शाखा राखिएको देखिन्छ । वैदेशिक रोजगारीको इतिहासलाई हेर्दा वि.सं. २०३० तीरै नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय, (२०६७) को एक अध्ययन अनुसार विश्वमा औधोगिकीकरण सँगसँगै भएको शहरीकरण एवं आधुनिकीकरण तथा हाल आए विश्वव्यापीकरणका कारण पनि अन्तर्राष्ट्रिय बजारमा श्रमशक्तिको माग बढ्दै गएको छ । विश्वव्यापीकरणले महत्वपूर्ण स्थान लिएको छ भने विश्वका जुनसुकै देशमा उत्पादित वस्तु तथा सेवाहरू सजिलैसँग उपभोगका लागि उपलब्ध हुन थालेका छन् । अर्कोतिर विशवका सबै मूलुकहरू अति विकसित, विकासोन्मुख र अविकसित गरी तीन वर्गमा बाँडिएको छ । अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादन र सेवालाई स्थापित गर्न तथा अधिकार कायम गर्ने प्रतिस्पर्धामा विकसित एवं शक्तिशालि राष्ट्रहरू अगाडी देखिएका छन् । नेपाल विकासोन्मुख राष्ट्र तथा अविकसित राष्ट्रका विविध स्रोत साधन माथि शोषण गरेको पाइन्छ । अन्तर्राष्ट्रिय बजारमा मागका आधारमा आफ्नो उत्पादनलाई प्रतिस्पर्धा गर्न तीव्रताको क्रमसँगै विकासोन्मुख र अविकसित देशहरूमा सस्तो श्रमशक्तिको माग बढ्दै गइरहको छ । यसले गर्दा वैदेशिक रोजगारीमा जाने क्रम पनि तीव्र हुँदै गएको छ ।

वैदेशिक रोजगार विभाग, (२०७०/२०७१ श्रावण मसान्त सम्मको प्रगति विवरण) को एक अध्ययन अनुसार सन् १९८० को दशकपछि नेपालले पनि खुल्ला अर्थतन्त्रलाई विस्तारै अनुकरण गरेको पाइन्छ । जसको परिणामस्वरूप

नै नेपालको वैदैशिक रोजगारीको अवस्था यहाँ सम्म आएको छ । यसले एकातिर आन्तरिक प्रतिस्पर्धा तथा अर्कोतिर बाह्य प्रतिस्पर्धाको सामना गर्नु परेको देखिन्छ । जब देशमा वैदेशिक रोजगार ऐन लागू भयो सोहि समयदेखि नै व्यक्तिगत रूपमा वैलेशिक रोजगार व्यावसाय संचालन गर्न इच्छुक व्यक्तिहरू पनि त्यतिकै मात्रामा सक्रिय भएको पाइन्छ । जसका लागि वैदेशिक रोजगार व्यावसाय संचालन गर्न चाहने व्यक्तिले संस्था दर्ता गराउनुपर्दछ । यसरी संस्था दर्ता गराइसकेपछि वैदेशिक रोजगार ऐन २०४२ बमोजिम इजाजत पत्र दिने व्यवस्था छ । उक्त शर्तहरू नियमावलीमा उल्लेख गरीएको छ । वि.सं. २०६८ फाल्गुण सम्म इजाजत पाएको कम्पनीहरू १०३२ वटा छन् भने खारेजी भइसकेका संस्थाहरू पनि २७१ वटा छन् । त्यसैगरी इजाजत नविकरण भएका संस्था ४८ वटा रहेका छन् (वैदेशिक रोजगार विभाग, २०७०/२०७१ श्रावण मसान्त सम्मको प्रगति विवरण) ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन ( Review of the Research Literature)

अर्थ वाणिज्य,(२०७१) का अनुसार, रोजगारीले नेपालीहरूको चुलो मात्रै बलेको छ कि शिक्षा स्वास्थ्य लगायतको क्षेत्रमा पहुँज समेत पुऱ्याएको छ । विकास निर्माणका स- साना गतिविधि देखि लिएर विवाह,ब्रतवन्धमा समेत सहयोग गरेको छ । यतिमात्र नभै रेमिटेन्स नेपाल जस्तो राजनैतिक अस्थिरताले गाँजेको मुलुकका लागि वरदान सावित भएको छ । यसर्थ रेमिटेन्सका कारण बढेको कुल गाह्रस्थ उत्पादन र राष्ट्रिय उत्पादनको अनुपातमा हिसाब गरेर रमाउने जो कोहिले पनि नेपाली कामदारले पराई भूमिमा चुहाएको पसिनाको मुल्य र तीनको अवस्थालाई भुलेर अगाडि बढ्न नितान्त नराम्रो हो ।

Kansakar, (१९८२) ले आफ्नो एक अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषण शुरूवात सेनाहरूबाट सुरू भएतापनि पछि गएर गैह्र सैनिम श्रमिकहरूबाट पर्याप्त हुने गरेको उल्लेख गरेका छन् । उनको उक्त अनुसन्धानले नेपालको बढ्दो जनसंख्या र रोजगारका अवसरहरू बीच सन्तुलन ल्याउन तथा विदेशी मुद्रा आर्जन गर्न एउटा कोषेढुंगा वैदेशिक रोजगारी नै सावित भएको छ ।

शाह, (२०६९) को एक अध्ययन अनुसार वैदेशिक रोजगारबाट प्राप्त आयले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको कुरामा दुइमत छैन तथापि यस माथिको अत्याधिक निर्भरता दीर्घकालको लागि प्रत्युत्पादक पनि बन्न सक्दछ भन्ने कुरालाई हामिले बिर्सनुहुदैन । किनभने कुनै पनि समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको र तयारी पोशाक आज धरासायी हुने अवस्थामा पुगेको तीतो यथार्थ हाम्रो सामु स्मरण नै रहेको छ । अन्तर्राष्ट्रिय श्रमबजारमा आपूर्ति पक्षको तुलनामा माग घट्न गइ आम्दानीले निरन्तरता नपाउन सक्छ भन्ने तर्फ उतिकै सजग हुनु आवश्यक देखिन्छ । विप्रेषण उत्पादनशिल क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गर्न वा स्वरोजगारलाई प्रोत्साहन दिन सकियो भने मात्र दिगो आर्थिक विकासको अपेक्ष ागर्न सकिन्छ ।

अर्थमन्त्रालय, (२०७०) का अनुसार, आर्थिक वर्ष ६८/६९ सम्म आइपुग्दा वैदेशिक रोजगार विभागबाट श्रम स्विकृति लिएर जाने कामदारको संख्या २२ लाख ६५ हजार पुगेको छ । विदेशीने कामदारको रेमिटेनसले मुलुकको आर्थिक पाटोमा केहि योगदान अवस्य दिएको छ । मलेसिया, कतार, साउदी, संयुक्त अरब, दक्षिण कोरिया र

जापानमा रहेका नेपाली कामदारले बढि रेमिटेन्स मुलुकको लागि वैदेशिक रोजगारीको नेपालको पछिललो अवस्था र कानुनी प्रावधानलाई नजरअन्दाज गर्दा विदेशबाट बढो दुःखका साथ नेपाली कामदारले विदेशबाट रेमिटेन्स पठाउने गरेको पाइन्छ ।

दाहाल, (२०७०) नेपाल जीवनस्तर सम्बन्धि सर्वेक्षण अनुसार विदेशबाट करिब ५६ प्रतिशत विप्रेषण भित्रिने गरेको छ । त्यो नै नेपालीको आयस्रोत बनेको छ । बैदेशिक रोजगारीबाट भित्रिएको विप्रेषणको करिब ६९ प्रतिशत दैनिक उपभोग खर्च हुने गरेको छ भने ९ प्रतिशत ऋण तिर्नमा छ भने ५ प्रतिशत मात्रै बचत हुने गरेको तथ्याङ्कले देखाउँछ । त्यसै कारण रोजगारीको सिलसिलामा विदेश पलायन हुनेहरू दुई चार वर्ष भन्दै उतै पलायन भइरहेका छन् ।

महत, (२०७१) का अनुसार, वैदेशिक रोजगारमा जानुपूर्व पूर्वस्वीकृतिको अभ्यास मात्र नेपालमा भएको छ जुन कुरा कामदारहरूले पूर्ण रूपमा बुझेका छैनन् । पूर्व स्वीकृतिको अर्थकामदमर चाहेको काम गर्न पाउनु हो तर यहाँका Agent हरूले आफूखुसी स्वीकृति मात्र बनाइ पठाउछन् जुन कुरा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई थाहै हुँदैन र विदेश पुगेर न भनेको काम पाउँछन् नत दाम नै जसको कारणले उसको आर्थिक अवस्था र वालवालिकाको शैक्षिक अवसरहरूमा पनि वन्देज लगाउँछ ।

खड्का, (२०६७) का अनुसार, एक्काइसौ सताब्दीमा पनि बेरोजगारी र अशिक्षामा नै जकडिरहेको देश नेपालमा जिविका उपार्जनको लागि नेपालीहरूले रोजगारीका लागि विदेश नानुको विकल्प छैन । विज्ञान र प्रविधिको विकासलाई हेर्ने हो भने विश्वलाई एउटा गाउँ (ग्लोवल भिलेज) को रूपमा विकसित गरिदै लगिएको छ तर प्रविधि सँग अघि बढ्न नसक्दा नेपालीहरू बल्ल ढुङ्गे युगबाट सभ्याताको युगतर्फ अघि बढेको आभास हुन्छ । विडम्बना नै मान्नुपर्छ नत सरकारले मुलुकको विकासको लागि कुनै औधोगिक क्रान्तिको सुरूवात गर्न सकेको छ न त आर्थिक पक्षलाई सबल बनाउने वैदेशिक रोजगार व्यावसायीले खेलेको भूमिकालाई नै मूल्याङ्कन गर्न सकेको छ । आर्थिक क्षेत्र घरायसी भएको बेला मुलुक सञ्चालनमा टेवा पुऱ्याउने वैदेशिक रोजगार व्यावसायी र कम्पनिमाथि दिन प्रतिदिन आक्रमण भइरहेको छ अर्कोतर्फ यी कम्पनिहरूले पनि कामदारलाई भने अनुसार काम र दाम दिलाउन नसक्दा कामदारको आर्थिक अवस्था झन धरासयी वनेको छ ।

शर्मा, (२००९) का अनुसार, रेमिट्यान्स अत्याधिक मात्रामा भित्रिए पनि यसले आर्थिक वृद्धि गर्न सकेको छैन । रेमिटेन्सको धेरै जति भाग उपयोग शिक्षा र स्वास्थ्यमा नै खर्च हुने गरको छ । वर्षै पिच्छे मूल्य वृद्धि हुँदा विदेशको कमाईको भरमा खाने परिवारको पिडा झन बढेको छ । अकस्मात तथा हातमुख जोर्ने उपाय नै खोसिने छ । सरकारी जागिर खानेहरूको तलब भत्तामा वृद्धि संगसंगै सम्पूर्ण सामानको भाउ बढ्छ तर त्यसमा सरकारी निरिह र लाचार बनेर हेरिमात्र रहन्छ । जुन विदेशिएको व्यक्ति छ ऊ हातमुख जोर्न भने पनि लगातार विदेश नै भाषिरहनु पर्ने अवस्था छ ।

श्रेष्ठ, (२००९) का अनुसार, विदेशमा नेपाली कामदारले सुरक्षित रूपमा काम गर्न पाउनु भनेको नेपालमा रहेका उसको परिवार मात्र होइन नेपालको आर्थिक क्षेत्रमा रेमिटेन्स ठूलो सहयोग पुऱ्याउनु हो भनि यस लेखमा व्याख्या

गरिएको छ । नेपालको कुल गाह्रस्थ उत्पादनमा त्यसको हिस्सा ठूलो रहन्छ । पाँच वर्ष अघिसम्म पनि नेपालमा त्यति धेरै मात्रामा रेमिटेनस भित्रिएको पाइदैन थियो ।

भट्टराई, (२०७१) का अनुसार, वैदेशिक रोजगारीमा जाने कामदार र राज्य बीच भेटघाट हुदैन किनभने व्यावसायीलाई बढि पजम्मेवार बनाएको छ । कहिले तालिम लिइस, कति पैसा बुझाइस, कता जान लागिस भनेर परिक्षण गर्ने कुनै ठाउँ नै छैन त्यसैले उहाँ भन्नुहुन्छ वैदेशिक रोजगारीलाई मर्यादित बनाउन नेपालको हरेक क्षेत्रमा टेवा पुऱ्याउने रेमिटेनसको संरक्षण गर्न राज्य र कामदार बीचको ग्याप हटाउनुपर्छ र उनीहरूको सबै सीप,तालिम लगायतका सम्पूर्ण कुराहरू परिक्षण गरिनु पर्छ ।

घिमिरे, (२०६१) को एक अध्ययन अनुसार विदेशमा नेपालीहरूको रोजगारी सेनामा हुने भर्तिबाट शुरू भएतापनि अहिले यो अत्यन्त व्यापक र बहुआयमिक बन्दै गएको छ । वैदेशिक रोजगार उैन २०४२ जारी भएपछि औपचारिक ढंगले नै वैदेशिक रोजगारीको ढोका खुल्ला गरिएको थियो । यसलाई थप मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धि ऐन २०६५ तयार भई कार्यान्वयनमा आएको छ भने २०५८ मा श्रम विभाग र २०६५ मा स्थापना भएको वैदेशिक रोजगार विभागले पनि उत्तिकै महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

भुसाल र ओझा, (२०६९) को एक अध्ययन अनुसार वैदेशिक रोजगारी सेवा भन्नाले एक देशको श्रम बजारको श्रमशक्ति अर्को देशको श्रमबजारमा व्यवस्थित रूपमा काम गर्नुपर्ने भन्ने बुझिन्छ । अर्थात विकासोन्मुख देशहरूबाट विकसित देश तर्फ र गैह्रऔधोगिक देशबाट औधोगिक देशतर्फ श्रमशक्तिको आपुर्ति हुनु भन्ने बुझिन्छ ।

पोखरेल, (२०५७) को एक अध्ययन अनुसार वैदेशिक रोजगारी सम्बन्धि अध्ययनमा नेपालको श्रमबजारमा प्रतिवर्ष २ लाख जति श्रमशक्ति थपिने तर कम्तिमा १० प्रतिशत भन्दा पनि कमले उचित रोजगारी पाउन नसक्ने उल्लेख गरेका छन् । साथै त्यसको समाधानको रूपमा वैदेशिक रोजगारी नै मूख्य आधार हुने कुरा प्रष्ट पारेका छन् । उनले आफ्नो अध्ययनमा हाल वैदेशिक रोजगार प्रवर्द्धन केन्द्रहरू धेरै संचालनमा आई रोजगारीमा जाने सङ्ख्या अधिक मात्रामा वृद्धि भएको जसले गर्दा नेपालबाट विषेशगरी कामदारहरू अदक्ष तथा अर्धदक्ष जाने र काम अत्यन्त जोखिमयुक्त र कम पारिश्रमिक पाउने कुरा आफ्नो अध्ययनमा उल्लेख गरेका छन् ।

रेग्मि, (२०६५) ले गरेको एक अध्ययनमा नेपाली कामदारहरू पारिवारीक आर्थिक कमजोरी र स्वदेशमा रोजगारी नपाएको कारण विदेशीएको पाईन्छ । खाडी राष्ट्रमा कम आम्दानी भएतापनि उनिहरूले आफ्नो पारिवारीक, आर्थिक, शैक्षिक आवश्यकताहरू आम्दानी अनुसार परिपूर्ति गरेको पाईन्छ । वैदेशिक रोजगारीले नेपाली कामदारहरूलाई नकारात्मक प्रभावभन्दा अध्ययन क्षेत्रका ८१.४८ प्रतिशतको आर्थिक अवस्थामा सुधार ल्याएको कुरा उल्लेख गरेका छन् ।

शाह, (२०६९) को एक अध्ययन अनुसार वैदेशिक रोजगारबाट प्राप्त आयले नेपालको तर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको कुरामा दुईमत छैन तापनि यस यस माथिको अत्याधिक निर्भरता दीर्घकालको लागि प्रत्युत्पादक पनि बन्न सक्दछ भन्ने कुरालाई हामिले विसैनु हुँदैन । किनभने कुनै पनि समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान

पुऱ्याएको गलैचा र तयारी पोशाक आज धरायसी हुने अवस्थामा पुगेको तीतो यथार्थ हाम्रो सामु स्मरण नै रहेको छ । अन्तराष्ट्रिय श्रमबजारमा नेपाली श्रमिकको माग घट्न गई आम्दानीले निरन्तरता नपाउन सक्छ भन्ने तर्फ उत्तिकै सजग हुनु आवश्यक देखिन्छ । विप्रेषण उत्पादनशिल क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गर्न वा स्वरोजगारलाई प्रोत्साहन दिन सकियो भने मात्र दीगो आर्थिक विकासको अपेक्ष ागर्न सकिन्छ ।

सिटौला, (२०६८) को एक अध्ययन अनुसार नयाँ नेपाल निर्माणमा व्यावसायिले थप भूमिका खेल्ने सवालमा कुनै विवाद देखिदैन तर नयाँ नेपाल कस्तो बनाउने ? व्यावसायलाई मर्यादित र सुरक्षित बनाउन सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्छ सो स्पष्ट भए व्यवसायिले गर्न सक्ने योगदानका विषयमा छलफल गर्न सकिन्छ । व्यसाय र मेनपावर कम्पनि संचालकहरू यहि माटोमा जन्मेकाले आफ्नो मुलुक सुन्दर बनाउन जस्तोसुकै भूमिका निर्वाह गर्न तयार छन् । तर त्यसका लागि व्यवसायिक ग्यारेन्टि र उचित वातावरण तयार हुनुपर्छ । व्यवसायीहरूले पनि आम्दानी गरेमात्रै मुलुकका लागि केहि योगदान दिन सक्छन् । व्यवसाय संचालनका क्रममा हामिले भोगेका कठिनाइ व्यवसायिहरूले गरेको योगदानलाई सरकारले उच्च मुल्याङ्कन गरी नीति बनाउने हो भने वैदेशिक रोजगार व्यवसायले ठूलो भूमिका निर्वाह गर्न सक्छ ।

### २.३ प्रस्तुत अध्ययनमा पूर्व अध्ययनको प्रयोग (Implications of the Review of the study)

नेपालमा वैदेशिक रोजगारको ठूलो महत्व रहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने आयले आर्थिक विकासमा उत्ति नै महत्व राख्दछ । अर्को स्वं व्यक्तिको गरिबी वेरोजगारी र आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा उत्तिकै योगदान पुऱ्याएको देखिन्छ । यस अध्ययनमा विभिन्न सैद्धान्तिक साहित्यको पूनरावलोकन र पूर्व साहित्यको अध्ययन अन्तर्गत निम्नानुसार समिक्षा गरिएको छ ।

चौधरी, (१९९२) ले ५ वछा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन् । विप्रषणको आकार विदेशमा गरेको काम, श्रमिकहरूको शैक्षिक स्तर, वैदेशिक स्थिति र श्रमिकहरूको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् । विप्रेषणको प्रभावलाई मुख्य गरी ४ वटा तत्वहरूले प्रभाव पारेको हुन्छ ।

दाहाल, (२०६३) का अनुसार हाम्रो देश नेपालमा प्रशस्त मात्रामा उद्योग धन्दाको अभावका कारण श्रमिकहरू वैदेशिक रोजगरमा जान वाध्य भएका छन् भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

श्रेष्ठ, (२०६६) का अनुसार विदेशमा नेपाली कामदारले सुरक्षित रूपमा काम गर्न पाउनु भनेको नेपालमा रहेका उसको पविार मात्र होइन नेपालको आर्थिक क्षेत्रमा रेमिट्यान्सले ठूलो सहयोग पुऱ्याउनु हो भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

श्रम तथा यातायात मन्त्रालय, (२०६७) का अनुसार अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादन र सेवालाई स्थापित गर्ने तथा एकाधिकार कायम गर्न साथै प्रतिस्थापन, दिगो शक्तिशाली राष्ट्रहरू अगाडी देखिएका छन् । यसका साथै विकासोनमुख राष्ट्र तथा अविकसित राष्ट्रका विविध स्रोत साधनहरू माथि शोषण गरेको पाइन्छ ।

भूसाल र ओझा, (२०६९) का अनुसार वैदेशिक रोजगार सेवा भन्नाले एक काम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रूपमा काम गर्नु पर्ने कुरा उल्लेख गर्नु भएको छ।

श्रम मन्त्रालय, (२०६८) का अनुसार वैदेशिक रोजगारका अवसरहरू विस्तार हुदै गएपनि मूलुक भित्र वेरोजगारी सङ्ख्या तीब्र रूपमा बढ्दै गएको तर उद्योगधन्दा एवम् विकास निर्माणका कार्यहरू अपेक्षकृत वृद्धि भएको देखिदैन । यसबाट वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यामा अत्याधिक वृद्धि भएको कुरा उल्लेख गर्नु भएको छ।

कार्की, (२०६८) का अनुसार नेपालको वर्तमान अवस्थामा आम्दानीका स्रोतहरू मध्ये विप्रेषण आयको प्रमुख हो । अर्को शब्दमा नेपालको अर्थतन्त्र विप्रेषण आयाट चलिरहेको छ।

ज्ञवाली, (२०७१) का अनुार वैदेशिक रोजगारीमा गएका युवाहरूबाट प्राप्त विप्रेषण रकमले राष्ट्रिय कूल आय अभिवृद्धिमा ठूलो भूमिका ाीर्वाह गरेको र सीप उपलब्धताको माध्यमबाट विविध क्षेत्रमा रोजगारीको अवसर सिर्जना हुन गई आयस्तर सुधार तथा मुलुकको गरिबी न्यूनिकरणको दिशामा लक्षित वर्गको आयस्तरमा उल्लेख्य योगदान पुगेको छ।


केन्द्रिय तथ्याङ्क विभाग, (२०६९) का अनुसार वैदेशिक रोजगारीमा संस्थागत र व्यत्तिलगत गरी दुई किसिमबाट विदेश जाने व्यवस्था मिलाएको छ । यसका साथै हाल महिला श्रमिक देशको कूल २० प्रतिशत वैदेशिक रोजगारमा गएको पाइयो भने केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कलाई हेर्दा २ लमख ३७ हजार ४ सय जना महिला मात्र वैदेशिक रमेजगमर गएको कुरा उल्लेख गरिएको छ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन पश्चात र यस अध्ययन वीचमा अनुसन्धान अन्तर (Research Gap) यस प्रकार रहेको छ। साहित्यको पुनरावलोकन नमुना छनोट विधिको माध्यमबाट सिमित जनसंख्याबाट तथ्याङ्क लिई विश्लेषण गरिएको थियो। भने यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न हुने शत प्रतिशत घर लिइएको थियो भने वैदेशिक रोजगारमा संलग घर परिवारलाई स्तरीकृत नमुना छनोट विधिको माध्यमबाट छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिइएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीमा मात्र प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्दा सहि नभएको पनि हुनसक्छ तर यस अध्ययनको निचोडमा वैदेशिक रोजगारमि संलग्न घर परिवार तथा वैदेशिक रोजगारबाट फर्किएका युवायुवतीलाई समावेश गरी लक्षित समूह छलफलको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क लिइएको छ । अध्ययनको साहित्य पूनरावलोकनमा वैदेशिक रोजगासँग सम्बन्धित घर परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रको बारेमा विश्लेषण गरिएको छ । जसले साहित्यको पुनरावलोकन प्रभावको विश्लेषण गर्न पनि सहज भएको छ। त्यसैले साहित्यको पुनरावलोकन भन्दा य अध्ययनको निचोड सत्य र वास्तविक भन्ने आशावादी रहेको छ।

## २.४ अवधारणात्मक ढाँचा (Conceptual Framework)


वैदेशिक रोजगारीमा जानु अघि र पछि उनीहरूका परिवारको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थाको अवधारणात्मक संरचनालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः




स्रोतः रेग्मी, २०६५

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)

विप्रेषण आयको लगानिका क्षेत्र सम्बन्धि कार्यात्मक ढाँचालाई निम्नानुसार उल्लेख गरिएको छः




स्रोतः रेग्मी, २०६५

# अध्याय तीन (CHAPTER:THREE)

## ३ अनुसन्धान विधि र प्रकृया (Research Method and Process)

यस अतर्गत अध्ययनमा समावेश हुने अनुसन्धान ढाँचा, जनसङ्ख्या र नमुन, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क सङ्कलनका तरिका र तथ्याङ्क विश्लेषण प्रक्रियालाई समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मकतथा विश्लोणात्मक ढाँचामा आधारित छ । यो अध्ययनमा प्राथमिक तथा द्धितीय तथ्याङ्कको प्रयोग गरिएको छ । त्यसैले तथ्याङ्कको स्वभाव उद्देश्य अनुसार प्रश्नावली, अर्न्तवार्ता तथा लक्षित समूह छलफलद्धारा सुचना सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ तथ्याङ्कका स्रोतहरू (Source of Data)

यस अध्ययनलाई पूर्णता प्रदान गर्न प्राथपमक तथा द्धितीय तथ्याङ्कका स्रोतहरू प्रयोग गरिएको छ । जसलाई निम्नासार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्कका स्रोतहरू (Sources of Primary Data)

प्रश्तुत अध्ययनको प्राथमिकस्रोत अन्तर्गत अनुसन्धान स्थलगत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूसँग प्रश्नावलीका माध्यमबाट अर्न्तवार्ता लिइएको थियो । अध्ययन क्षेत्रबाट सूचना सङ्कलन गर्ने क्रममा वैदेशिक रोजगार सँग सम्बन्धित घर परिवारका अभिभावकहरूसँग प्रश्नावलीको माध्यमबाट अर्न्तवार्ता लिई तथ्याङ्क संकलन गरिएको थियो । त्यसैले यस अध्ययनको लागि प्राथमिक स्रोत युवायुवतीहरू र सोही युवायवतीको घर परिवारका अभिभावकहरू हुन् ।

### ३.२.२ द्धितीय तथ्याङ्कका स्रोतहरू (Sources of Secondary Data)

यस अध्ययनको उद्धेश्यलाई पुरा गर्न द्धितीय स्रोत अर्न्तगत सम्बन्धित विषय क्षेत्रसँग मिल्ने संघसस्था, पत्रपत्रिकामा प्रकाशित रिपोर्टहरू, स्थानीय इकाइ (नगरपालिका) वैदेशिक रोजगार मन्त्रालय आदि कार्यालयबाट प्रकाशित लेख, रचना र बुलेटिनबाट तथ्याङ्कहरूलाई संकलन गरिएको छ ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययनमा इलाम जिल्ला देउमाई नगरपालिका वडा नं. २,३ र ४ लाई समावेश गरिएको छ । उल्लेखित ३ वटा वडाको कुल घरधुरी २४२५ रहेको र कुल जनसङ्ख्या १०८०३ रहेको छ जसमध्ये २०६८ देखि २०७४ कार्तिक सम्म २०१५ घरधुरी वैदेशिक रोजगारमा सामेल भएको पाइयो भने अध्ययनमा समेटिएका १८३५ घरधुरी सहभागी छन् । जसअनुसार यस अध्ययनको जनसङ्ख्या १८३५ हो ।

### ३.३.२ नमुनाको आकार (Sample Size)

कूल २०१५ समेटेका देश १८३५ मध्येबाट यस २०० घरधुरी सङ्ख्या अर्थात १०.८९ प्रतिशत नमूना आकार रहेको छ ।

### ३.३.३ नमुना छनौट रणनीति (Selection of Sampling Strategy)

यस अध्ययनमा निम्नानुसार नमुना छनौट गरिएको छ ।

- यस अध्ययनको प्रमुख थलो इलाम जिल्ला देउमाई नगरपालिकाका वडा नं. २,३ र ४ लाई उद्देश्यमूलक नमुना छनौटका आधारमा छनौट गरिएको छ । किनभने यी वडाबाट बढी सङ्ख्या वैदेशिक रोजगारीमा गएको पाइयो ।
- अध्ययन क्षेत्र भित्रका वैदेशिक रोजगारीमा गएका कुल घरपरवार मध्येबाट प्रत्येक वडाबाट समानुपातिक प्रतिनिधित्व हुने गरी वडा नं.२,३ र ४ बाट क्रमश ५२,७८,७० जना गरी २०० जनाको छनौट गरिएको छ । जुन कुरालाई निम्न तालिकाको माध्यमद्धारा स्पष्ट पारिएको छ ।

**तालिका ३.१**

**वैदेशिक रोजगारमा संलग्न घरपरिवारको नमुना छनोट प्रक्रिया, २०७४**

| वडा नं. | जम्मा घरधुरी | अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा संलग्न घरधुरी | नमुना छनोटमा परेका घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| २ | ७८१ | ६११ | ५२ | २६ |
| ३ | ९२३ | ५६० | ७८ | ३९ |
| ४ | ७२१ | ६६४ | ७० | ३५ |
| जम्मा | २,४२५ | १८३५ | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ३.१ अनुसार अध्ययन क्षेत्रमा संलग्न वडा नं. २ का कूल घरधुरी ६११ मध्येबाट ५२ घरधुरी अर्थात २६ प्रतिशत, वडा नं. ३ बाट ५६० धरधुरी मध्येबाट ७८ घरधुरी अर्थात ३९ प्रतिशत र वडा नं. ४ बाट ६६४ घरधुरी मध्येबाट ३५ घरधुरी अर्थात २१.०८ प्रतिशत गरी १८३५ घरधुरीबाट २०० घरधुरी अर्थात १०.८९ प्रतिशत नमूना छनोट गरिएको छ ।

- वडा नं. २ का ६११ घरधुरी मध्येबाट  ५२ जना, वडा नं. ३ का ५६० घरधुरीबाट ७८ जना र वडा नं. ४ का ६६४ घरधुरीबाट ७० जनालाई सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अर्न्तगत चिठ्ठा प्रथाद्धारा छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका उपकरणहरू (Tools of Data Collection)

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलनका साधनहरू निम्नानुसार रहेका छन् ।

### ३.४.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि संरचित र असंरचित दुवै प्रकारको प्रश्नावली प्रयोग गरिएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारका अभिभावकहरूलाई आम्दानी,खर्च र बचत तथा शैक्षिक अवस्था र सामाजिक अवस्था र उक्त पेशा अवलम्बन गर्नुपर्ने धारणा र उक्त पेशामा रहेका समस्याहरूको पहिचान गर्न प्रश्नावली निर्माण गरिएको थियो । जुन अनुसूची १ र २ मा उल्लेख गरिएको छ ।

### ३.४.२ अवलोकन (Observation)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न अध्ययनकर्ता एवम् वैदेशिक रोजगारीमा संलग्न युवाहरूको घरमा गई उनीहरूको आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । साथै छनोटमा परेका घर परिवारको आर्थिक अवस्था जग्गाजमिन, भौतिक सामग्रीहरूको अवलोकन गर्न एउटा अवलोकन सूची तयार गरिन्छ । जसलाई अनुसूची ३ मा देखाइएको छ ।

### ३.४.३ छलफल (Dicussion)

यस अध्ययनलाई पूरा गर्नको लागि वैदेशिक रोजगारमा संलग्न घरपरिवारका अभिभावकलाई छलफलमा सहभागी बनाइएको थियो । उक्त छलफल सञ्चालन गर्नको लागि आवश्यक छलफल सूची बनइएको थियो । जसको नमूना अनुसूची ४ मा देखायएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका  प्रविधि (Techniques of Data Collection)

### ३.५.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि प्रविधिको रूपमा अर्न्तवार्ता अन्तर्गत प्रत्यक्ष अर्न्तवार्ता विधिलाई प्रयोग गरिएको छ यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न प्रशनवली लिएर अनुसन्धानकर्ताको स्वयम् अध्ययन क्षेत्रमा गई त्यहाँका उत्तरदातासँग आमन्नेसामुन्ने रूपमा बसी प्रश्न उत्तरका माध्यमबाट तथ्याङ्क सकलन गरिएको छ ।

### ३.५.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि वैदेशिक रोजगारीमा संलग्न युवाका परिवारसँग वैदेशिक रोजगारले तपाइको परिवारमा कस्तो प्रभाव परेको छ, आम्दानी कस्तो छ, वैदेशिक रोजगारीमा जानुभन्दा पहिले र गइसकेपछिको आर्थिक, शैक्षिक र सामाजिक अवस्थामा कस्तो प्रभाव परेको छ भन्ने कुरामा प्रत्यक्ष अवलोकन गरिएको छ । वैदेशिक रोजगारीले युवालाई आर्थिक उन्नति गर्न सहयोग गरेको छ वा छैन भनि पत्ता लगाउनको लागि अवलोकन गरिएको थियो ।

### ३.५.३ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनको उद्देश्य पूरा गर्ने शिलसिलामा अनुसन्धानकर्ता स्वयं उपसिथित भई आफ्नो अध्ययन क्षेत्रमा देउमाई नगरपालिकाका नमुना छनोटमा परेका प्रत्येक वडाबाट १०-१२ जनाको समूहलाई अध्ययन कर्ता स्वयंले छलफल गराई उनीहरूको उत्तर टिपोट गरिएको थियो । यस टिपोटको उत्तर विश्लेषण गरी त्यसबाट आवश्यक तथ्याङ्क सङ्कलन गरियो ।

## ३.६ तथ्याङ्क विशलेषण प्रक्रिया (Process of Data Analysis)

यस अध्ययनमा प्राथमिक तथा द्धितीय तथ्याङ्कका स्रोतको प्रयोग गरी संकलित तथ्याङ्कलाई विभिन्न विधि तथा प्रक्रिया प्रयोग गरी वर्णन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई सुव्यवस्थित तरिकाले शीर्षक अनुसार तथ्याङ्कको सम्पादन तथा तालिकीकरण गरी निष्कर्ष निकालिएको छ र प्राप्त निष्कर्षका  आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

## अध्याय चार (CHAPTER: FOUR)

### ४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेशण (Interpretation and Analysis of Data)

यस अर्न्तगत इलाम जिल्ला र देउमाई नगरपालिकाको बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छः

### ४.१.१. इलाम जिल्लाको परिचय (Introduction to Ilam District)

नेपालको प्रशासनिक विभाजन अर्न्तगत प्रदेश नं. १ को मेची अञ्चलको चार जिल्ला मध्येको एक पहाडी जिल्ला इलाम नेपालको ७५ जिल्ला मध्ये सवैभन्दा पूर्वमा अवस्थित एक रमणीय जिल्ला हो । हालको इलाम जिल्ला नेपाल एकिकरण हुनु अघि राई र लिम्बु जातिहरुको किराँती राज्य थियो । त्यसमा पनि प्राचिन समयमा लिम्बु जातिहरुकै बाहुल्यता भएकोले इलाम जिल्लाको नामाकरण लिम्बु भाषबाट भएको मानिन्छ । महाभारत र शिवालीक पर्वत श्रृङखलाको पूर्व दक्षिण काखमा अवस्थित नेपालको सुदुर पूर्वी पहाडी जिल्ला इलाम वास्तवमै प्राकृतिक दृष्टिले रमणीय छ । यहाँको चियाबारी, हरियाली, साना-ठुला नदिनाला, पोखरी, मठ-मन्दिर, पर्वतीय शिखर तथा अन्य प्राकृतिक सुन्दरता पर्यटक आकर्षणका तत्वहरु हुन । प्राकृतिक वरदान स्वरुप रहेको यहाँको उर्वर भुमि एवम पौरखी कृषकहरुको अथक मेहनतले गर्दा यो जिल्ला आर्थिक रुपले धनी मानिन्छ । साँस्कृतिक, प्राकृतिक तथा आर्थिक पक्षहरुमा समृद्ध रहेको यो जिल्ला “पहाडकी रानी, नगदेबालीको खानी” जस्ता उपनामले चिनिन्छ ( इलाम नगरपालिका, २०७३) ।

इलाम जिल्लालाई विभिन्न ‘अ’ को जिल्ला भनेर पनि चिनिन्छ । यहाँको अलैंची, अदुवा, अर्थोडक्स चिया, अकबरे खुर्सानी, ओलन(दुध), अम्लीसो, आलु र अतिथी सत्कार आदिलाई प्रमुख ‘अ’ को रुपमा लिने गरिन्छ । पूर्व पश्चीम राजमार्गको चारआलीबाट मेची राजमार्गमा ७८ कि.मि. को दुरी पार गरेपछि इलाम सदरमुकाम पुग्न सकिन्छ । लिम्बु भाषामा इलाम शब्द दुई शब्दको संयोजनबाट भएको मानिन्छ । जसमा ‘इ’ शब्दको अर्थ घुमाउरो र ‘लाम’ शब्दको अर्थ बाटो भन्ने हुन्छ । यसको अर्थ इलामको अर्थ घुमाउरो बाटो हुन जान्छ । यस अर्थलाई पुष्टी गर्न साँच्चै नै झपाबाट इलाम आँउदा धेरै नै घुमाउरो बाटो तय गर्नुपर्ने हुन्छ तर इलामको पूरानो नाम खलङगा

भएको केही प्राचिन लेखहरुबाट प्रमाणीत हुन्छ । जुन घुमाउरो बाटोको कुरा गरिन्छ त्यो बाटोको निर्माण वि.स. २०१५ तिर भएको पाइन्छ, सो पूर्व नै इलाम शब्दको प्रयोग भएको पाइन्छ । यसैले यो भन्दा पनि विश्वस्त प्रमाण यो पाइन्छ कि इलामको विभिन्न ठाँउमा रहेको भट्टराई ब्राह्मणका वँशज आदि गुरु शंकराचार्यको समयमा भारतको केरला प्रान्तबाट आएका थिए । जसलाई केरलामा भट्टीतिर भनिन्छ । भट्टीतिरकै अपभ्रंश भट्टराई भएको पुष्टी भइसकेको छ तथा केरलामा ब्राह्मणका घरलाई ईल्लम (यसलाई पुष्टी गर्न पुराना कागजातहरुमा लेखिएको शब्द Illam जहाँ Double ll लेखिएको छ र यसको वास्तविक उच्चारण पनि ईल्लम नै हुन्छ) भन्ने गरिन्छ ( इलाम नगरपालिका, २०७३) ।

इलाम जिल्लाको सिमाना पूर्व भारतको पश्चिम बंगाल राज्यको दार्जिलिङ जिल्ला, पश्चिम मोरङ र पाँचथर जिल्ला, उत्तरमा पाँचथर जिल्ला र दक्षिणमा झापा जिल्ला पर्दछन । यो जिल्ला २६.४०" उत्तरी अक्षाँस देखि २७.८" उत्तरी अक्षाँस सम्म र ७.४०" पूर्वी देशान्तर देखि ७.१०" पूर्वी देशान्तर सम्म पर्दछ । समुद्री सतहबाट ३०० मिटर देखि ३६३७ मिटर सम्मको उचाइ रहेको यस जिल्लाको औसत लम्बाई पूर्व पश्चिममा ५० कि.मि. र ३८ कि.मि. रहेको छ । २०६८ सालको जनगणना अनुसार २९०२५४ जना जनसंख्या रहेको यस जिल्लाको क्षेत्रफल १७०३ वर्ग कि.मि. रहेको छ  भने १७०.४ वर्ग कि.मि. जनघन्त्व रहेको छ । जसरी नेपालको हावापानीमा विषमता छ त्यसैगरि इलामको हावापानीमा पनि विषमता पाइन्छ । धरातलीय स्वरुप फरक फरक भएको कारणले यहाँको हावापानीमा पनि फरक भएको हो । यहाँ उष्ण, समशीतोष्ण, शीतोष्ण र लेकाली हावापानी पाइन्छ । ० डिग्री देखि ३१ डिग्री सम्मको तापक्रम यस जिल्लामा पाउन सकिन्छ । यस क्षेत्रको २००० मिटर भन्दा माथि हिँउ पनि पर्ने गर्दछ । यस क्षेत्रमा लाप्चे, लिम्बु, राई, तामाङ, गुरुङ, शेर्पा, थामी, पहरी, क्षेत्री, ब्राह्मण, नेवार आदि जातका मानिस बसोबास गर्दछन । सेतिदेवी, पञ्चकन्या, सिंहवाहीनी, पाथिभरा, गजुरमुखी, कन्याम, करफोक, मंगलबारे आदि पर्यटकीय क्षेत्रहरु हुन (इलाम नगरपालिका, २०७३) ।

कृषि तथा पशुपालन इलामको मुख्य पेशा भएपनि व्यापारले पनि मुख्य स्थान लिएको छ । इलाम बजार, बिव्ल्याँटे, फिक्कल, पशुपतिनगर, नयाँबजार, देऊराली, मंगलबारे यहाँका मुख्य व्यापारिक केन्द्रहरु हुन । चिया, अलैंची, अदुवा, आलु, अम्लिसो, अकबरे खोर्सानी, इसकुस, दुध यहाँका प्रमुख कृषि उपजहरु हुन । इलाममा हाल १० भन्दा बढी चिया प्रशोधन कारखाना रहेका छन, यहाँको चिया युरोप र अष्ट्रलिया बजारमा निकै लोकप्रिय मानिन्छ । यस्तै पशुपालनले पनि निकै राम्रो बजार पाएको पाइन्छ । हाँस, कुखुरा, सुगुँर, माछापालन बढि मात्रामा यस क्षेत्रमा पाइन्छ । इलामलाई विकसीत पहाडी जिल्लाको रुपमा लिइन्छ । यहाँका बासिन्दाले खाद्यबाली भन्दा नगदेबालीको खेति धेरैमात्रामा गरेकोले तिव्र आर्थिक विकास गरेका हुन । विगत विस वर्षमा यस जिल्लाले राम्रो आर्थिक उन्नती गरेको छ । आफ्नै पहलमा स्थानीयबासीले गाँउगाँउ सम्म विकासका पूर्वाधार पुऱ्याएको पाइन्छ । यस्तै राष्ट्रिय प्रशारण नजोडिएको ठाँउमा आफैँले तथा सौर्य बिजुली निकालेर प्रयोग पनि गरेका छन । (इलाम नगरपालिका, २०७३) ।

### ४.१.२ देउमाई नगरपालिकाको परिचय (Introduction to Deumai Municipality)

इलाम जिल्लाको १० वटा स्थानीय तह मध्ये देउमाई नगरपालिका एक ठूलो व्यापारिक केन्द्रको रुपमा चिन्न सकिन्छ । साबिकको मंगलबारे, धुसेनी, शान्तिडाँडा, साङरुम्बा, जितपूर, चमैता र सिद्धिथुम्का गाविस मिलाएर यो नगरपालिका कायम गरिएको हो ।

### ४.१.३ भौगोलिक अवस्थिती क्षेत्रफल र सिमाना (Geographical Location, Area, and Boarder)

देउमाई नगरपालिका इलामको एक रमणिय र पर्यटकीय नगरपालिका हो । यो नगरपालिका २६” ५५’२२” उत्तर देखि २६”५९’५७” उत्तरी अक्षाँशसम्म र ८७”४८’९” पूर्वी देखि ८७”५१’४०” पूर्वी देशान्तरको बिचमा अवस्थित छ । १९२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकाको भू-बनोट टार, भीर, पाखा, जंगल, खोला नाला आदि मिलेर बनेको छ । यसको पूर्वमा इलाम नगरपालिका, उत्तरमा फाकफोकथुम गाँउपालिका र पाँचथर, दक्षिणमा माई नगरपालिका र पश्चिममा मांसेबुङ र फाकफोकथुम गाँउपालिका पर्दछन् (देउमाई नगरपालिका, २०७३) ।

### ४.१.४ जलवायु (Climates)

यस नगरपालिकामा उष्ण, समशितोष्ण र ठण्डा हावापानी पाइन्छ । यहाँको भौगोलिक बनावट तथा जमिनको उचाइको भिन्नताले हावापानीमा पनि विविधता रहेको पाइन्छ । यहाँको माथिल्लो भागमा ठण्डा र तल्लो भागमा न्यानो हावापानी पाइन्छ । विशेषगरी यहाँ लेक तर्फ पर्ने वडाहरुमा हिउँदको समयमा हिउँ तथा तुषारो पर्ने गर्दछ । यहाँ हिउँदमा ठण्डा र बर्षातमा न्यानो हुने गर्दछ साथै हिउँदमा चिसो हुने गर्दछ ।

### ४.१ ५ वनजङगल (Forest)

देउमाई नगरपालिकाको अर्को प्राकृतिक साधन वन हो । यहाँको वनसम्पदाको उपयोग घाँस, दाउरा, काठ तथा जडिबुटी प्राप्त गर्ने अभिप्रायले गरिदै आएको छ । यहाँको सम्पदा अलैंची जस्तो मूल्यवान नगदेबाली खेती गर्न समेत उपयोगी मानिएको छ । यहाँ मुख्य गरेर उष्ण सदाबहार, पतझर तथा  पातला वनले ढाकेको पाइन्छ भने यहाँको विभिन्न किसिमका वनहरुमा विभिन्न जातका रुखहरु, घाँसपातका रुखहरु, फलफुल, जडिबुटी आदि वनस्पतीहरु पनि पाइन्छन । (देउमाई नगरपालिका, २०७३)

### ४.१.६ नदिनाला (Rivers)

जल पनि यहाँको प्रमुख प्राकृतिक साधन हो । यहाँ पानीको उपयोग पिउन, सिचाँई गर्न तथा दैनिक व्यवहारमा प्रयोग गरिन्छ । यहाँको पानीको मूख्य स्रोतहरु खोला, धारा, कुवा, तथा मुहानहरु रहेका छन । यस नगरपालिकाको पश्चिम दक्षिणमा देउमाई खोला बगेर गएको छ । यहि खोलाको नामबाट नै नगरपालिकाको नाम जुराइएको थियो । त्यस्तै साबजुङ्ग खोला, ठाडेखोला, तपेवा खोला, चाँपे खोला, सुर्के खोला आदि साना खोलाहरु रहेका छन । यीनै खोलाहरुबाट कुलो निर्माण गरि किसानहरुले सिचाँई गर्दछन । ( देउमाई नगरपालिका, २०७४)

### ४.१.७ कुल जनसंख्या (Total Population)

यस नगरपालिकाको तथ्याँक अनुसार यस नगरपालिकको कुल जनसंख्या ३२,९२७ रहेको छ । जस मध्येमा पूरुषको संख्या १५,८४१ अथवा ४८.२% र महिलाको संख्या १७,०६८ अर्थात ५१.८% रहेको छ भने यस क्षेत्रको जनघनत्व १६८.९ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन (देउमाई नगरपालिका, २०७३) ।

### ४.१.८ जनसांख्यिकीय अवस्था (Demographic Status)

यस नगरपालिकामा मिश्रित जातजातिहरुको बसोबास रहेतापनि ब्राह्मण र क्षेत्री समुदायको बाहूल्यता देखिन्छ । सबै जातिहरुले आफ्नै मातृभाषा प्रयोग गरेपनि नेपाली भाषालाई साझा भाषाको रुपमा बोल्ने गरिन्छ । लिम्बु, तामाँङ्ग, राई जस्ता आदिवासी समुदायमा विशेष गरि मातृभाषाको प्रयोग ज्यादा गरिन्छ । २०६८ को जनगणना अनुसार यस नगरपालिको कुल वडाहरुको घरधुरी संख्या, महिला र पूरुषको संख्या, औषत परिवार संख्यालाई निम्न तालिकाबाट प्रष्ट पारिएको छ : (देउमाई नगरपालिका, २०७३) ।

**तालिका ४.१**

**देउमाई नगरपालिकाको घरधुरी, महिला, पूरुष, कुल जनसंख्या र औषत परिवार संख्या सम्बन्धी विवरण २०७३**

| वडा नं. | धरधुरी | महिला | पूरुष | कुल संख्या | औषत परिवार संख्या |
|---|---|---|---|---|---|
| १. | ८२० | २०४१ | १९४६ | ३९८७ | ४.८६ |
| २. | ७८१ | १८७९ | १६६१ | ३५४० | ४.५३ |
| ३. | ९२३ | २११३ | २०१४ | ४१२७ | ४.४७ |
| ४. | ७२१ | १६०६ | १५३० | ३१३६ | ४.३५ |
| ५. | ८३६ | २०८६ | १८५२ | ३९२८ | ४.३४ |
| ६. | ६४७ | १३४० | १४१३ | २९५३ | ४.५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | ७०६ | १६८९ | १६०९ | ३२९८ | ४.६७ |
| ८. | ७२४ | १७२८ | १५६६ | ३२९४ | ४.५४ |
| ९. | ९६५ | २४०४ | २२५० | ४६५४ | ४.८६ |
| जम्मा | ७१२३ | १७०६८ | १५८४१ | ३२९२७ | |

स्रोतः देउमाई नगरपालिका (२०७४)।

तालिका ४.१ अनुसार देउमाई नगरपालिकामा कुल ७१२३ घरधुरीमा ३२९२७ जनसंख्या रहेकोमा १७०६८ जना महिला र १५८४१ जना पूरुष रहेका छन । यस नगरपालिकामा औषतमा ४.५५ परिवार संख्या रहेको देखिन्छ । सवैभन्दा बढि वडा नं. ९ मा ९६५ घरधुरी र सबै भन्दा कम वडा नं. ६ मा ६४७ भएको पाइयो । यस्तै सबैभन्दा बढि जनसंख्या वडा नं. ९ मा ४६५४ जना र कम जनसंख्या वडा नं. ६ मा २९५३ जना रहेको पाइयो ।

### ४.१.९ जातीय विवरण (Ethnic Decription)

देउमाई नगरपालिकामा धेरै जातजातिहरुको मिश्रित बसोबास रहेको भएतापनि राई, लिम्बु, तामाङ्ग, ब्राह्मण र क्षेत्री जातिको बाहुल्यता रहेको देखिन्छ । यस नगरपालिकामा बसोबास गर्ने जातिहरुको विवरणलाई निम्न तालिकाबाट देखाइएको छ :

**तालिका.४.२**

**देउमाई नगरपालिकाको जातिय विवरण, २०७३**

| क्र.स. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राई | ७११३ | २१.६० |
| २ | ब्राह्मण | ६२२८ | १८.९१ |
| ३ | क्षेत्री | ६०१५ | १८.२६ |
| ४ | लिम्बु | ५२१४ | १५.९१ |
| ५ | तामाङ्ग | ३३१७ | १०.०७ |
| ६ | दलित | १२३० | ३.७३ |
| ७ | अन्य | ४८१० | १४.६० |
| जम्मा | | ३२९२७ | १०० |

श्रोत : देउमाई नगरपालिका (२०७४) ।

तालिका ४.२ अनुसार देउमाई नगरपालिकामा सबैभन्दा बढि राई जातिको बसोबास रहेको छ । तथ्याँक अनुसार यस क्षेत्रमा राई जातिको संख्या २१.६० प्रतिशत रहेको देखिन्छ । यस्तै दोस्रोमा ब्राह्मण जातिको १८.९१ प्रतिशत, तेश्रोमा क्षेत्री जातिको १८.२६ प्रतिशत, लिम्बुको १५.९१ प्रतिशत, तामाङ्गको १०.०७ प्रतिशत, दलित जातिको ३.७३ प्रतिशत र अन्यको १४.६० प्रतिशत जनसंख्या रहेको छ ।

### ४.१.१० शैक्षिक संस्थाहरुको अवस्था (Situation of Educational Institution)

यस नगरपालिकामा वि.सं. २००८ साल नै औपचारिक माध्यमबाट शिक्षा प्रदान गर्न थालिएको थियो । भानुभक्त मा.वि. यस क्षेत्रको सबभन्दा  प्रतिशत भन्दा बढि मानिस शिक्षित भइसकेका छन । यस नगरपालिकामा रहेको शैक्षिक संस्थाहरुको विवरणलाई निम्न अनुसार देखाउन सकिन्छ :

**तालिका ४.३**

**देउमाई नगरपालिकामा रहेको शैक्षिक संस्थाहरुको विवरण, २०७३**

| क्र. सं. | शैक्षिक संस्थाहरु | सामुदायिक | निजी | जम्मा |
|---|---|---|---|---|
| १ | वाल विकास केन्द्र | - | - | - |
| २ | प्रा.वि. | ६५ | १२ | ७७ |
| ३ | नि.मा.वि. | २५ | ५ | ३० |
| ४ | मा.वि. | ८ | ५ | १३ |
| ५ | उ.मा.वि. | ८ | २ | १० |
| ६ | बहुमुखी क्याम्पस | १ | - | १ |
| | जम्मा | १०७ | २४ | १३१ |

श्रोत : देउमाई नगरपालिका (२०७४)

तालिका ४.३ अनुसार देउमाई नगरपालिकामा जम्मा १३१ वटा शैक्षिक संस्थाहरु रहेका छन । जसमध्येमा सामुदायिक प्रा.वि.को संख्या ६५ र निजी प्रा.वि. १२ गरि जम्मा ७७ वटा प्रा.वि. रहेका छन । यस्तै नि.मा.वि. तर्फ सामुदायिक २५ र निजी ५ गरि ३० वटा, मा.वि. तर्फ सामुदायिक ८ र निजी  ५ गरि जम्मा १३ वटा, उ.मा.वि तर्फ सामुदायिक ८ र निजी २ गरि जम्मा १० वटा र बहुमुखी क्याम्पस एउटा रहेका छन ।

## ४.२ अध्ययन क्षेत्रको वैदेशिक रोजगारीमा सहभागीता (Participants of Foreign Employment in Study Area)

नेपालको निर्वाहमुखी खेति प्रणाली,सिद्धान्त केन्द्रित शिक्षा प्रणाली, देखासिखी प्रभाव, पूँजीको अभाव, राजनीतिक अस्थिरता, औधोगिकरणको कमि जस्ता कारणले लगानि बढ्न सकेको छैन । फलस्वरूप रोजगारीका अवसरहरू आवश्यकता बमोजिम बढ्न सकेको छैन । वर्षेनी हजारौ युवायुवती श्रम बजारमा प्रवेश गर्ने भएता पनि स्वदेशमा रोजगारीका अवसर पर्याप्त नहुनाले सँगै वैदेशिक रोजगारबाट उच्च आम्दानी प्राप्त गर्ने आशामा यहाँको सक्रिय जनसङ्ख्याको मोह वैदेशिक रोजगारमि छ । यस सोधपत्रमा समेटिएका सहभागीहरू वि.सं. २०६८ देखि २०७४ कार्तिक सम्म श्रम स्वीकृति लिएर कतार, मलेसिया, ओमन, दुवई, बहराइन, साउदी अरब र दक्षिण कोरिया गएका १८३५ घरधुरी मध्ये २०० घरधुरीलाई यस अध्ययनमा समेटिएको छ । अध्ययन क्षेत्र भित्रका नमुना छनौटमा परेका वैदेशिक रोजगारीमा सहभागीहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**वैदेशिक रोजगारीमा सहभागि कामदारहरू** (२०७४)

| देशको नाम | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कतार | ३८ | २१.११ | ५ | २५ | ४३ | २१.५ |
| मलेसिया | २८ | १५.५५ | ६ | ३० | ३४ | १७ |
| दुवई | ३८ | २१.११ | ४ | २० | ४२ | २१ |
| साउदी अरब | ३२ | १७.७८ | १ | ५ | ३३ | १६.५ |
| बहराइन | १३ | ७.२२ | - | - | १३ | ६.५ |
| ओमन | १२ | ६.६७ | - | - | १२ | ६ |
| दक्षिण कोरिया | १९ | १०.५६ | ४ | २० | २३ | ११.५ |
| जम्मा | १८० | १०० | २० | १०० | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका ४.२ अनुसार वैदेशिक रोजगारीमा २०६८ देखि २०७४ कार्तिक सम्मको सहभागिता हेर्दा सबैभन्दा बढि कतारमा २१.५ प्रतिशत देखिन्छ भने दुवई, मलेसिया, साउदी अरब, दक्षिण कोरिया, बहराइन र ओमनमा ४२, ३३, २३, १३ र १२ प्रतिशतका दरले सहभागिता रहेको छ । सीमा क्षेत्र भित्रका सबै देशमा पुरुषको सहभागिता बढि छ भने बहराइन र ओमन बाहेकका देशमा महिला कामदारहरू पनि सहभागि छन् ।

### ४.२.१ उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागिता (Agewise Participation in Foreign Employment)

आर्थिक रूपले १५-५९ वर्ष सम्मलाई सक्रिय जनसङ्ख्या मानिएता पनि १८ वर्ष माथिको उमेर समूहलाई मात्र अध्ययनमा समेटिएको छ । १८ वर्ष भन्दा माथिको र ४० वर्ष भित्रको उमेरको व्यक्तिले वैदेशिक रोजगारीमा आवेदन दिन पाए पनि कम्पनिको विश्वास जित्न सफल व्यक्तिको कारार अवधि भने उक्त कम्पनिको हातमा

रहने समेत भएकाले कतिपय ४० वर्ष माथिका व्यक्तिहरू वैदेशिक रोजगारीमा संलग्न भएको पाइएको छ । अध्ययन क्षेत्रमा उमेर संरचना अनुसार वैदेशिक रोजगारीमा सहभागिता देहायबमोजिम रहेको छ ।

**तालिका ४.५**

**उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागिता** (२०७४)

| **उमेर समूह** | **पुरुष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १८-२५ | ३७ | २०.५५ | ८ | ४० | ४५ | २२.५ |
| २५-३५ | ७९ | ४३.८८ | १० | ५० | ८९ | ४४.५ |
| ३५-४५ | ६० | ३३.३३ | २ | १० | ६२ | ३१ |
| ४५ वर्ष माथि | ४ | २.२२ | - | - | ४ | २ |
| जम्मा | १८० | १०० | २० | १०० | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.६ अनुसार वैदेशिक रोजगारीमा सहभागिहरूलाई उमेरगत संरचनाका आधारमा केलाउदा सबैभन्दा बढी २५-३५ वर्ष उमेर समूहका पुरूष तथा महिलाहरू ४४.५ प्रतिशत सहभागि रहेको देखिन्छ भने सबैभन्दा कम सहभागिता ४५ वर्ष माथिका २ प्रतिशत र महिलाको अध्ययन क्षेत्रमा सहभागिता देखिदैन । १८-२५ वर्ष भित्रको उमेर समूहका युवाहरू प्रथमत अमेरिका, अष्ट्रेलिया तथा युरोप प्रवेशमा कोशिस बढी गर्ने गरेकाले अध्ययन क्षेत्रका देशमा सहभागिता कम पाइएको छ ।

## ४.२.२ वैवाहिक स्थिति (Martial Status)

वैदेशिक रोजगारीमा गएका युवा युवतीहरूको वैवाहिक स्थिति के छ ? विवाहित छन् वा अविवाहित भन्ने विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**वैदेशिक रोजगारीमा गएका युवायुवतिहरूको वैवाहिक सिथिति,** (२०७४)

| **वैवाहिक अवस्था** | **पुरूष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| विवाहित | १२२ | ३१ | ४ | २ | १२६ | ६३ |
| अविवाहित | ५८ | २९ | १६ | ८ | ७४ | ३७ |
| जम्मा | १८० | ९० | २० | १० | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकाको आधारमा अध्ययनको सीमा भित्रको देशमा रोजगारीको लागि जाने अधिकांश विवाहित रहेको देखिन्छ । जस अनुसार वैदेशिक रोजगारीमा संलग्न मध्ये ६३ प्रतिशत विवाहित अवस्थामा वैदेशिक रोजगारीमा संलग्न रहेका छन् भने ३७ प्रतिशत अविवाहित रहेरै वैदेशिक रोजगारीमा संलग्न रहेका छन् ।

### ४.२.३ जातिगत विवरण (Castewise Description)

देउमाई नगरपालिकामा वैदेशिक रोजगारमा गएर फर्किएका नमुना छनोटमा परेका कामदारहरू कुन - कुन जातका रहेछन् भनी अध्ययन गर्ने क्रममा निम्न जात जातिको अवस्था देखियो जसलाई तलको तालिकामा देखाईको छ ।

**तालिका ४.७**

**वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको जातिगत विवरण** (२०७४)

| जातजाति | पुरूष | महिला | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ब्राम्हण | ३९ | - | ३९ | १९.५ |
| क्षेत्री | ४१ | २ | ४३ | २१.५ |
| दलित | २१ | ६ | २७ | १३.५ |
| जनजाति | ७९ | १२ | ९१ | ४५.५ |
| जम्मा | १८० | २० | २०० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकामा स्थलगत सर्वेक्षण अनुसार अध्ययनमा समावेश भएका व्यक्तिहरूमा सबैभन्दाबढी जनजाति ४५.५ प्रतिशत, क्षेत्री २१.५ प्रतिशत, ब्राह्मण १९.५ र दलित १३.५ प्रतिशत रहेको छ । जसबाट प्रष्ट हुन्छ कि जनजाति सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि जाने गरेको पाइयो ।

## ४.३ अध्ययन क्षेत्रको आर्थिक अवस्थाको तुलनात्मक अध्ययन (Comparative Study of Economic Condition in Study Area)

### ४.३.१ नमुना छनोटमा परेका घरपरिवारको वैदेशिक रोजगारी पूर्वको पारिवारीक आम्दानी

### (Sectorwise Income of Sample Before Foreign Employment)

यस अध्ययन क्षेत्रमा रहेका घरपरिवारले वैदेशिक रोजगारी पूर्व देहाय बमोजिमका क्षेत्रबाट निम्न बमोजिम आय प्राप्त गर्ने गरेको पाइयो । जसलाई निम्न तालिकामा प्रश्तुत गरिएको छ ।

तालिका ४.८

वैदेशिक रोजगारी पूर्वको क्षेत्रगत पारिवारीक वार्षिक आम्दानी विवरण (२०७४)

| क.स. | स्रोतहरू | आम्दानी रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि उत्पादन | १,४०,००,०००/- | ४७.८ |
| २ | व्यापार व्यावसाय | ७,००,००,००/- | २३.७३ |
| ३ | स्वदेशी रोजगारी | ४,४०,००,००/- | १४.९२ |
| ४ | घरेलु उद्योग (होटल) | ४,१०,००,००/- | १३.८९ |
| ५ | कुल आम्दानी | २,९५,००,०००/- | १०० |
| ६ | औषत आम्दानी | १,४७,५०० /- | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकामा स्रोतगत पारिवारीक वार्षिक आम्दानीलाई देखाइएको छ वैदेशिक रोजागारीमा जानुभन्दा पहिले प्राप्त हुने आयको स्रोतलाई देखाइएको छ । जसमा कृषि उत्पादनबाट सबैभन्दा बढी आम्दानी रु.१,४०,००,०००/- छ भने व्यापार व्यावसायबाट रु.७,००,००,००/-, स्वदेशी रोजगारीबाट रु.४,४०,००,००/- र घरेलु आम्दानीबाट रु.४,१०,००,००/- गरी कूल आम्दानी रु. २,९५,००,०००/- र औषत आम्दानी रु १,४७,५०० /- रहेको पाइयो ।

## ४.३.२ नमुना छनोटमा परेका घरधुरीको वैदेशिक रोजगार पश्चातको क्षेत्रगत आम्दानी (Sectorwise Income of Sample After Foreign Employment)

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरूको पारिवारीक आम्दानीलाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारीमा सहभागि हुनेहरूको आम्दानीमा विविधता रहेको पाइन्छ । समग्रमा उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको सदस्यहरूले प्राप्त गर्ने आम्दानीलाई जोडेर उनीहरूको पारिवारीक वार्षिक आम्दानी तथा औषत प्रतिव्यक्ति आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.९

वैदेशिक रोजगार पछिको क्षेत्रगत पारिवारीक आम्दानी विवरण (२०७४)

| क.सं. | आम्दानीका स्रोतहरू | आम्दानी रु. | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ३,४२,५०,००/- | ३.७२ |
| २ | व्यापार व्यावसाय | १,२०,००,००० /- | १३.०२ |

| | | | |
|---|---|---|---|
| ३ | स्वदेशी रोजगारी | ४,६५,००,००/- | ५.०५ |
| ४ | घरेलु उद्योग (होटल) | २,१३,००,००/- | २.३२ |
| ५ | वैदेशिक रोजगारी | ७,००,००,०००/- | ७५.९२ |
| ६ | औषत प्रतिव्यक्ति आम्दानी | ४६१०२५/- | |
| | जम्मा | ९,२२,०५,०००/- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१३ मा वैदेशिक रोजागार पछिको परिवारको स्रोतगत वार्षिक आम्दानीको स्रोतलाई देखाइएको छ । तालिका अनुसार सबैभन्दा वढी आम्दानी वैदेशिक रोजगारबाट रु. ७,००,००,०००/-(७५.९२) भएको देखिन्छ । त्यसै गरी सबैभन्दा कम होटलबाट रु. ७,००,००,०००/-(२.३२) भएको देखिन्छ । यस प्रकार कुल २०० घर परिवारको वार्षिक आम्दानी रु. ९,२२,०५,०००/- छ भने औषत आम्दानी रु. ४६१०२५/- रहेको छ ।

## ४.३.३ वैदेशिक रोजगारीमा सहभागिता पूर्व र पश्चात् आयको तुलना (Comparision of Income before and after Foreign Employment)

वैदेशिक रोजगारी पूर्व र पश्चात्को आर्थिक अवस्थाको तुलनात्मक अध्ययनका लागि नमूना छनौटमा परेका घरपरिवारको कूल वार्षिक, तथा औषत आम्दानीलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

**तालिका ४.१०**

**वैदेशिक रोजगारीमा सहभागि पूर्व र पश्चात् आयको तुलना २०७४**

| विवरण | वैदेशिक रोजगार पूर्व | वैदेशिक रोजगार पश्चात् |
|---|---|---|
| कुल आय (वार्षिक) | २,९५,००,०००/- | ९,२२,०५,०००/- |
| औषत आय | १,४७,५०० /- | ४६१०२५/- |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रको आयको तुलना गर्दा वैदेशिक रोजगार पूर्व भन्दा वैदेशिक रोजगार पश्चात् पारिवारिक आम्दानी बढी रहेको पाइयो ।

## ४.३.४ वैदेशिक रोजगारीमा जानु अघि र पछिको तहगत पारिवारीक आम्दानी विवरण (Levelwise Family income Before and After Foreign employment)

अध्ययनको नमुना छनोटमा परेका व्यक्तिहरूको प्रति व्यक्ति आम्दानी समग्रमा अध्ययन गरिएको भए  पनि ती व्यक्तिहरूको वैदेहिक रोजगारीमा जानु अघि र पश्चात्को तहगत आम्दानी विवरण तलको तथ्याङ्कमा देखाइएको छ ।

**तालिका ४.११**

**वैदेशिक रोजगारीमा जानु अघि र पछिको तहगत आम्दानी विवरण** (२०७४)

| क.स | वार्षिक आम्दानी | पूर्व(सङ्ख्या) | प्रतिशत | पश्चात्(सङ्ख्या) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५० लाख सम्म | ४२ | २१ | - | - |
| २ | ५० लाख -१ लाख | ७० | ३५ | १६ | ८ |
| ३ | १ लाख- १ लाख ५० हजार | ५८ | २९ | २४ | १२ |
| ४ | १ लाख ५० हजार - २ लाख | १८ | ९ | ३२ | १६ |
| ५ | २ लाख -२ लाख ५० हजार | ८ | ४ | ४२ | २१ |
| ६ | २ लाख ५० हजार - ३ लाख | ४ | २ | ४८ | २४ |
| ७ | ३ लाख भन्दा माथि | - | - | ३८ | १९ |
|  | जम्मा | २०० | १०० | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका नं. ४.११ मा वैदेशिक रोजगारी पूर्व र पछिको तहगत वार्षिक आम्दानी देखाइएको छ । जस अनुसार वैदेशिक रोजगारी पूर्व २१ प्रतिशत घरपरिवारले वार्षिक रु ५०,००० सम्म आम्दानी गरेको देखिन्छ भने वैदेशिक

रोजगारी पछि रु. ५०,००० देखि १,००,००० सम्म आम्दानी हुने घरपरिवारको सङ्ख्या ३५ प्रतिशत रहेकोमा पछि उक्त सङ्ख्या ८ प्रतिशतमा सिमित हुन पुगेको छ । त्यस्तै रु. १,००,००० देखि रु.१,५०,००० सम्म वार्षिक आम्दानी हेर्दा वैदेशिक रोजगारी पूर्व २९ प्रतिशत घरपरिवार छन् भने पछि १२ प्रतिशत रहन पुगेको छ । वार्षिक रु.१,५०,००,०० देखि २,००,००० सम्मको आम्दानी हेर्दा वैदेशिक रोजगारी पूर्व ९ प्रतिशत परिवार रहेकोमा पछि १६ प्रतिशत रहन पुगेको छ । त्यस्तै वैदेशिक रोजगारी पूर्व ४ प्रतिशत घरपरिवारले मात्र रु.२,००,००० देखि २,५०,००० देखि ३,००,००० सम्मको तहलाई हेर्दा वैदेशिक रोजगारी पूर्व २ प्रतिशत परिवार सङ्ख्या रहेकोमा पछि बढेर २४ प्रतिशत पुगेको छ । त्यस्तै वैदेशिक रोजगारी पूर्व वार्षिक आम्दानी रु. ३,००,००० भन्दा माथि हुने घर परिवार देखिदैन भने पछि १९ प्रतिशत रहन पुगेको छ ।

### ४.३.५ वैदेशिक रोजगार पहिलेको क्षेत्रगत पारिवारीक खर्च ( Sectowise Family Expenditure before Foreign Employment)

नमुना छनोटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारीमा गए पछि र जानुभन्दा पहिला शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । उनीहरूको कुल आम्दानीबाट कुन - कुन क्षेत्रमा कति - कति खर्च गरेका छन् भनी गरिएको सर्वेक्षण अनुसार प्राप्त विवरणलाई तलको तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका ४.१२**

**वैदेशिक रोजगार पहिलेको क्षेत्रगत खर्च** (२०७४)

| क.सं. | खर्चको विवरण | वैदेशिक रोजगारमा जनुभन्दा पहिलाको खर्च | |
|---|---|---|---|
| | | रकम (रु) | प्रतिशत |
| १ | उपभोग (घरायसी) | १,८०,७९,३०० | ६१.०८ |
| २ | शिक्षा | २,५२,०४,०० | ८.५५ |
| ३ | स्वास्थ्य | १,८५,९४,०० | ६.३० |
| ४ | चाडपर्व | १,५७,५३,०० | ५.३४ |
| ५ | अन्य | ५,५६७१,०० | १८.८० |
| | कुल खर्च | २,९६,०१,५०० | |
| | ऋण | -१,०१,५०० | |
| | प्रतिव्यक्ति औषत खर्च | १,४८००७.५ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१७ ममा वैदेशिक रोजगारीमा जानु अघिको खर्चको अवस्थालाई खर्च क्षेत्रका आधारमा छुट्याइएको छ । वैदेशिक रोजगारीमा जानुपूर्व उपभोगमा ६१.०८ प्रतिशत, शिक्षामा८.५५ प्रतिशत, स्वास्थ्यमा ६.३० प्रतिशत,

चाडपर्वमा ५.३४ प्रतिशत र अन्यमा १८.८० प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारी पूर्व सबैभन्दा बढी खर्च उपभोगमा गरेको पाईयो र सबैभन्दा कम खर्च चाडपर्वमा गरेको पाइयो ।

### ४.३.६ वैदेशिक रोजगार पहिलेको तहगत खर्च (Levelwise Expenditure before Foreign Employment )

अध्ययनको नमुना छनोटमा परेको जनसङ्ख्या जुन वैदेशिक रोजगारीबाट फर्किएका छन् । तिनिहरूको खर्चलाई सर्वेक्षण गरी तहगत रूपमा तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**तहगत वार्षिक खर्चको अवस्था** (२०७४)

| क.सं. | तहगत खर्च (रु) मा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. ८०,००० | ४८ | २४ |
| २ | रु. ८,०००० - १,००,००० | ६२ | ३१ |
| ३ | रु. १,००,००० - १,५०,००० | ८४ | ४२ |
| ४ | रु. १,५०,००० - २,००,००,०० | ६ | ३ |
| ५ | रु. २,००,००,०० भन्दा माथि | - | - |
| | जम्मा | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

यस अध्ययनको नमुना छनोटमा परेको व्यक्तिहरूको तहगत खर्चको अवस्थालाई माथिको तालिकामा देखाइएको छ । जसमा रु. रु. ८०,००० सम्म खर्च गर्ने २४ प्रतिशत, रु. रु. ८,०००० - १,००,००० सम्म खर्च गर्ने ३१ प्रतिशत, रु रु. १,००,००० - १,५०,०००.सम्म खर्च गर्ने ४२ प्रतिशत, रु. रु. १,५०,००० - २,००,००,०० सम्म खर्च गर्ने ३ प्रतिशत र रु.२,००,००,०० भन्दा माथि खर्च गर्ने सङ्ख्या नरहेको पाइयो । जसको आय तुलानात्मक रूपमा बढी छ तिनिहरूले नै बढी खर्च गर्ने गरेको पाइयो ।

### ४.३.७ वैदेशिक रोजगारी पछिको क्षेत्रगत पारिवारीक खर्च (Sectorwise Expenditure of after Family Foreign Employment)

वैदेशिक रोजगार पछिको खर्चमा विशेष गरी उपभोग, शिक्षा, स्वास्थ्य र मनोरञ्जनमा खर्च गर्ने गरेको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.१४

**वैदेशिक रोजगार पछिको क्षेत्रगत खर्च** (२०७४)

| क.सं. | खर्चको विवण | वैदेशिक रोजगार पछिको खर्च | |
|---|---|---|---|
| | | रकमहरू (रु.) | प्रतिशत (रु.) |
| १ | उपभोग | २,९४,७३,३५० | ३६.९२ |
| २ | शिक्षा | १,५०,७०,४०० | १९.३९ |
| ३ | स्वास्थ्य | ५,०२,५४,०० | ५.४६ |
| ४ | चाडपर्व | १,९५,७५,३५० | २५.१९ |
| ५ | अन्य | ८,५६,०५,०० | ११.०२ |
| | कुल खर्च | ७,७७,०५,००० | |
| | बचत | १,४५,००,००० | |
| | प्रतिव्यक्ति औषत खर्च | ३,८८,५२५ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१९ मा वैदेशिक रोजगारीमा जानुभन्दा पछिको खर्चको अवस्थालाई खर्च क्षेत्रका आधारमा छुट्याइएको छ । वैदेशिक रोजगारीमा गए पश्चात उपभोगमा ३६.९२ प्रतिशत, शिक्षामा १९.३९ प्रतिशत, स्वास्थ्यमा ५.४६ प्रतिशत चाडपर्वमा २५.१९ प्रतिशत र अन्य खर्चमा ११.०२ प्रतिशत रहेको पाइयो ।

### ४.३.८ वैदेशिक रोजगार पश्चात्को तहगत पारिवारीक खर्च (Levelwise Family Expenditure after Foreign Employment)

वैदेशिक रोजगारमा गएपश्चात्को व्यक्तिहरूको तहगत खर्च कस्तो रहेको छ भोर सर्वेक्षण गरिएको छ । वैदेशिक रोजगार गए पश्चात्को तहगत खर्चलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.१५

**वैदेशिक रोजगारीमा गएपछिको तहगत खर्च** (२०७४)

| क.सं. | तहगत खर्च (रु) मा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | रु. ८०,००० | १६ | ८ |
| २ | रु. ८०,००० - १,००,००० | २८ | १४ |
| ३ | रु. १,००,००० - १,५०,००० | १०४ | ५२ |
| ४ | रु. १,५०,००० - २,००,००,०० | ३४ | १७ |
| ५ | रु. २,००,००,०० भन्दा माथि | १८ | ९ |
| | जम्मा | २०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण , २०७४ ।

माथिको तालिका अनुसार वैदेशिक रोजगारमा गए पश्चातको रु. ८०,००० सम्म खर्च गर्ने ८ प्रतिशत, रु. ८०,००० - १,००,००० सम्म खर्च गर्ने १४ प्रतिशत, रु. १,००,००० - १,५०,००० सम्म खर्च गर्ने रु. १,५०,००० - २,००,००,००  १७ प्रतिशत रु. २,००,००,०० भन्दा माथि खर्च गर्ने ९ प्रतिशत रहेको पाइयो ।

### ४.३.९ वैदेशिक रोजगार पूर्व र पश्चात् बचत तथा ऋण (Condition of Saving, Loan before anf after Foreign Employment)

नमुना छनोटमा परेका व्यक्तिहरूको वार्षिक आम्दानीबाट कति खर्च गरी बचत गर्न सकेका रहेछन् भन्ने कुरा स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई आधार मानि तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१६**

**वैदेशिक रोजगार पूर्व र पश्चात् बचतको अवस्था (२०७४)**

| क्र.सं. | विवरण | आम्दानी (रु) | खर्च (रु) | बचत/ऋण |
|---|---|---|---|---|
| १ | वैदेशिक रोजगारी अगाडी | २,९५,००,००० | २,९६,०१,५०० | -१,०१,५०० |
| २ | वैदेशिक रोजगारी पछाडि | ९,२२,०५,००० | ७,७७,०५,००० | १,४५,००,००० |

स्रोतः स्थलगत सर्वेक्षण , २०७४ ।

माथिको तालिका अनुसार वैदेशिक रोजगारी अगाडी र वैदेशिक रोजगारी पछाडीको आम्दानी, खर्च र बचत वा ऋणकोखवस्थालाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडी कुल आम्दानी रु. २,९५,००,०००/- रहेको छ भने खर्च रु. २,९६,०१,५००/- रहेको पाइयो । आम्दानी भन्दा खर्च बढी देखिएकाले वैदेशिक रोजगारीमा पहिले ऋणको अवस्थामा रहेको पाइयो । त्यसै गरी वैदेशिक रोजगारीमा जानुभन्दा पछाडि आम्दानी रु ९,२२,०५,०००/-रहेको पाइयो र खर्च रु ७,७७,०५,०००/- रहेको पाइयो भने आम्दानी भन्दा खर्च कम भएकाले बचत रु. १,४५,००,०००/- रहेको पाइयो ।

## ४.४ अध्ययन क्षेत्रको शैक्षिक अवस्था (Educational Condition in Study Area)

यस नगरपालिकामा औपचारिक रुपमा २००८ साल बाट नै शिक्षा प्रदान गर्न थालिए पनि अन्य भौतिक पूर्वाधार र सुविधाहरुको कमि भएको कारणले साक्षरता प्रतिशत खासै उपलब्धि मुलक देखिदैन । हुनत नेपालको अवस्थालाई हेर्ने हो भने नेपालको साक्षरता दर २०६८ को जनगणना अनुसार ६५.९ प्रतिशत देखिन्छ यो अवस्थालाई हेर्दा यस नगरपालिकाको साक्षरता दरलाई राम्रो नै मान्न सकिन्छ तर पनि जुन मात्रामा हुनुपर्ने हो त्यती चाहीँ नभएकै अवस्था हो । देउमाई नगरपालिका वडा नं. २, ३ र ४ साक्षरता तथा निरक्षरताको अवस्थालाई को शैक्षिक निम्न तालिकाबाट देखाउन सकिन्छ :

**तालिका ४.१७**

**अध्ययन क्षेत्रको साक्षरता तथा निरक्षरताको विवरण,** (२०७४)

| वडा नं. | पुरुष | | महिला | | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | साक्षर | निरक्षर | साक्षर | निरक्षर | साक्षर | निरक्षर | साक्षर | निरक्षर |
| १ | १६५० | ११ | १८६१ | १८ | ३५११ | २९ | ९९.१८ | ०.८१ |
| २ | १९९४ | २० | २०९० | २३ | ४०८४ | ४३ | ९८.९५ | ०.०४ |
| ३ | १५२२ | ८ | १५९५ | ११ | ३११७ | १९ | ९९.३९ | ०.६० |

स्रोतः स्थलगत सर्वेक्षण , २०७४ ।

माथिको तालिका हेर्दा अन्य वडामा भन्दा वडा नं. २ बढि साक्षर देखिन्छ, जहाँको निरक्षरता केवल ३.२७ प्रतिशत मात्र रहेको छ भने कम साक्षर वडा नं. ३ मा रहेको देखिन्छ जहाँ निरक्षरता ०.६०रहेको देखिन्छ । लैंगिक दृष्टिकोणबाट हेर्दा भने पुरुषको तुलनामा महिलाहरू बढि निरक्षर रहेको देखिन्छ । यसरी निरक्षर जनसङ्ख्या ६० वर्ष माथिको जनसङ्ख्या रहेको छ ।

### ४.४.१ वैदेशिक रोजगारीमा सहभागिको शैक्षिक अवस्था (Educational Status of Foreign Employee)

शिक्षाको स्तरले नै वैदेशिक रनेजगनरीान सहभागीको प्रकृति, तलव स्केल तथा अरू देशको फरक वातावरणमा समायोजनको सिथितिलाई प्रत्यक्ष प्रभाव पारिरहेको देखिन्छ । त्यसकारण वैदेशिक रोजगारीको एक आधार शारिरीक सक्षमता हो भने अर्को महत्वपूर्ण आधार शैक्षिक सिथित हो । जहाँ वैदेशिक रोजगारीमा सहभागी कामदारहरूको शैक्षिक अवस्था देखाइएको छ ।

**तालिका ४.१८**

**वैदेशिक रोजगारीमा संलग्न कामदारहरूको शैक्षिक अवस्था** (२०७४)

| **क्र.सं.** | **शैक्षिक स्थिति** | **पुरुष** | **महिला** | **जम्मा सङ्ख्या** | **पृतिशत** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | निरक्षर | - | - | - | - |
| २ | प्राथमिक शिक्षा | ३६ | ४ | ४० | २०.० |
| ३ | निम्न माध्यमिक शिक्षा | १०६ | ६ | ११२ | ५५.९ |
| ४ | माध्यमिक शिक्षा | २७ | - | २७ | १३.५ |
| ५ | उच्च शिक्षा | २१ | - | २१ | १०.१ |
| | जम्म | १०८ | १० | २०० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई आधार बनाएर विश्लेषण गर्दा नमुना छनोटमा परेको वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको शैक्षिक अवस्था यस्तो रहेको पाइयो । निरक्षर कोहि पनि नभएको, प्राथमिक शिक्षा पूरा गर्ने पुरुष ३६ र महिला ४ जना गरी जम्मा ४० जना को २० प्रतिशत निम्न माध्यमिक शिक्षा पूरा गर्ने सबैभन्दा बढी १०६ जना पुरुष र ६ जना महिलाको ५५.९ प्रतिशत त्यस्तै माध्यमिक शिक्षा परुरा गर्ने २७ पुरुषको १३.५ प्रतिशत र सबैभन्दा कम उच्च शिक्षा पुरा गर्ने व्यक्तिहरू २१ जनाको १० प्रतिशत पाइयो ।

### ४.४.२ वैदेशिक रोजगारीमा संलग्नका बालबालिकाहरू अध्ययन गर्ने शैक्षिक संस्थाको विवरण (Details of Institutional Organization studied by Foreign Employees Children)

अध्ययन क्षेत्रमा रहेका नमुना छनौटमा परेका वैदेशिक रोजगारीमा सहभागीका कुल २०८ बालवालिकाहरूले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धि अध्ययन गर्न सर्वेक्षण्को समयमा नै निजी र सामुदायिक गरि छुट्याइएको थियो । यस अध्ययनमा ६-२५ वर्षका बालबालिका र प्राथमिक तहदेखि उच्च शिक्षा सम्म्को तहलाई समेटिएको छ । ५ वर्ष उमेर समूह विद्यालय उमेर समुह नभएकोले यस अध्ययनमा समेटिएको छैन । सर्वेक्षण गर्दाको समयमा प्राप्त शैक्षिक संस्था सम्बन्धि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**वालवालिकाले अध्ययन गर्ने शैक्षिक अवस्था सम्बन्धि विवरण** (२०७४)

| क्र.सं. | विवरण | वैदेशिक रोजगारीमा जानु पूर्व | | | वैदेशिक रोजगारीमा गए पछि | | |
|---|---|---|---|---|---|---|---|
| | | नमुना छनोटमा परेको घर सङ्ख्या | बाल बालिकाको सङ्ख्या | प्रतिशत | नमुना छनोटमा परेको घर सङ्ख्या | बाल बालिकाको सङ्ख्या | प्रतिशत |
| १ | सरकारी | ८५ | १०८ | ९१.९२ | ६८ | ६२ | २९.८१ |
| २ | निजी | ४६ | ३६ | १७.२० | ५४ | ६४ | ३०.७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | दुवै | ७१ | ६४ | ३०.७७ | ७८ | ८२ | ३९.४२ |
| | जम्मा | २०० | २०८ | १०० | २०० | २०८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका अनुसार वैदेशिक रोजगारी पूर्व ८५ घरधुरीका १०८ (९१.९२ प्रतिशत) वालवालिका सामुदायिक विद्यालयमा जाने गरेकोमा वैदेशिक रोजगार पश्चात् केवल ६८ घरधुरीका ६२ (२९.८१ प्रतिशत) वालवालिका मात्र सामुदायिक विद्यालयमा अध्ययनरत छन् । त्यस्तै वैदेशिक रोजगारी पूर्व ४६ घरधुरीका ३६ (१७.२० प्रतिशत) वालवालिकाले निजी विद्यालयमा अध्ययन गर्ने गरेकोमा वैदेशिक रोजगारी पूर्व ५४ घरधुरीका ६४ (३०.७७ प्रतिशत) वालवालिका निजी विद्यालयमा अध्ययन गरेको पाइयो । त्यसो त आफ्ना वालवालिकालाई निजी तथा सामुदायिक दुवै विद्यालयमा पठाउने घरधुरीको सङ्ख्या पनि कम छैन तालिका अनुसार वैदेशिक रोजगारी पूर्व ७१ घरधुरीका ६४ (३०.७७ प्रतिशत) वालवालिका दुवै विद्यालयमा जाने गरेकोमा वैदेशिक रोजगारी पछि ७८ घरधुरीका ८२ (३९.४२ प्रतिशत) वालवालिका दुवै विद्यालयमा संलग्न रहेको देखिन्छ । पछिल्लो समयमा वैदेशिक रोजगारीमा जानेको लहर सँगै ग्रामिण तहसम्म निजी विद्यालय स्थापना भइरहेको सन्दर्भमा शिक्षा प्रतिको सचेतना, अङ्ग्रजी शिक्षा प्रतिको मोह, छोराछोरी बीचको भेदभाव तथा वैदेशिक रोजगार पूर्व सामुदायिक विद्यालयमा भर्ना भइ कक्षा ३ उत्तीर्ण गरिसकेका वालवालिका सरकारी विद्यालयमा नै र वैदेशिक रोजगारी पश्चात् विद्यालयमा प्रवेश गर्ने वालवालिकालाई निजी विद्यालयमा पठाउने परिपाटीले गर्दा पनि दुवै विद्यालयमा वालवालिका पठाउने घरधुरी सङ्ख्या तथा तिनका वालवालिकाको सङ्ख्या धेरै रहन गएको देखिन्छ । उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने आय बढे सँगै नीजि स्कूलमा आकर्षण भएको देखिन्छ ।

## ४.५ अध्ययन क्षेत्रको सामाजिक प्रभाव (Social Effect in Study Area)

### ४.५.१ आर्थिक ल्याकत बढेसँगै तुलनात्मक रूपमा सापेक्षिक सामाजिक ल्याकत र प्रतिष्ठा बढेको महसुस गरेको पाइयो ।

सम्बन्धित परिवारको सदस्यहरूसँगको अर्न्तवार्तामा सामाजिक ल्याकत र प्रतिष्ठाका केहि प्रश्नहरू पनि गरियो । प्राप्त जवाफलाई आधार बनाउदा उनीहरूको सामाजिक ल्याकत साथै प्रतिष्ठामा बढोत्तरी भएको आत्मगत उत्तर पाइयो । उनीहरूकै जवाफलाई आधार मान्दा यसको प्रमुख कारण आर्थिक खाम्दानी बढ्नु नै पाइयो । आर्थिक आम्दार्नी बढ्नुमा सबैभन्दा ठूलो योगदान वैदेशिक रोजगारमा गएपछिको रेमिट्यान्स नै पाइयो । तसर्थ यी उत्तरहरूबाट यो कुराको पुष्टि हुन्छ कि वैदेशिक रोजगारमा गएकाहरूको आम्दानमिा वृद्धि भएसँगै सामाजिक ल्याकत र प्रतिष्ठामा पनि तुलनात्मक रूपमा वैदेशिक रोजगारीमा जानुअगाडीको अवस्थाको सापेक्षमा सामाजिक ल्याकत र प्रतिष्ठा बढेको महसुस गरेको पाइयो (देउमाई नगरपालिका, २०७४) ।

### ४.५.२ विभिन्न सामाजिक क्रियाकलापहरूमा आफ्नो भुमिका तथा उपस्थिति बढेको महसुस गरेको पाइयो ।

सम्बन्धित परिवारका सदस्यहरूसँगको अर्न्तवार्ताबाट उनीहरूको सामाजिक क्रियाकलापहरूमा आएको परिवर्तनहरूको बारेमा पनि जानकारी प्राप्त भयो । वैदेशिक रोजगारमा गएपछि आर्थिक आम्दानीको वृद्धिसँगै विभिन्न सामाजिक क्रियाकलापहरूमा उनीहरूको सहभागिता बढेको पाइयो । उदाहरण स्वरूप छोरीलाई गुन्यौचोली दिने प्रचलन नभएको परिवारले पनि उक्त सामाजिक क्रियाकलापलाई अपनाएको पाइयो । त्यस्तै जन्मदिन मनाउने प्रचलनमा वृद्धि हुनु, विवाह ब्रतबन्ध र मृत्युसंस्कार जस्ता अनिवार्यपरम्परागत क्रियाकलापहरूमा गरिने खर्चमा पनि वृद्धि भएको पाइयो (देउमाई नगरपालिका, २०७४) ।

### ४.५.३ आन्तरिक बसाइँसराइँ तुलनात्मक रूपमा बढेको पाइयो ।

वैदेशिक रोजगारमा गएसँगै सम्बन्धित घरधुरीको आर्थिक अवस्थामा पनि वृद्धि भएको कुरा पुष्टि भयो । त्यहि आर्थिक वृद्धिको परिणाम स्वरूप तुलनात्मक रूपमा अलिक बढि सुविधा भएको ठाउँमा बसाईसराई जाने गरेको पनि पाइयो । सम्बन्धित घरधुरीहरूले शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताहरूमा खर्चगर्न सक्ने लागत बढेनु नै यसको मूल कारण हो (देउमाई नगरपालिका, २०७४) ।

### ४.५.४ दाम्पत्य जीवनमा भने केही विचलनको उदाहरणहरू पाइयो ।

केही घरधुरीहरूमा भने दाम्पत्य जिवनसँग सम्बन्धित समस्याहरू पाइयो । श्रीमान वैदेशिक रोजगारीमा गएकै बेला श्रीमतिको दास्रो विवाहपछिको सम्बन्ध जस्ता कारक तत्वहरूले दाम्पत्य जीवनमा विचलन ल्याएको केहि उदाहरणहरू पाइयो । केहि घरधुरीमा वैदेशिक रोजगारमा गएकै बेलामा श्रीमानको मृत्यु भए पश्चात् परिवारमा संकट देखापरेको पनि पाइयो (देउमाई नगरपालिका, २०७४) ।

### ४.५.५ अभिभाकत्वको प्रत्याभूति नहुँदा किशोरकिशोरीहरू कुलत तथ लागुऔषधमा संलग्न भएको पनि पाइयो ।

पछिल्लो समयमा नेपाली समाजमा देखापरेको एउटा प्रमुख समस्या किशोरकिशोरीहरू दुर्व्यसनमा फस्नु पनि एक हो । यसका विभिन्न कारणहरू मध्ये अभिभावकको राम्रो रेखदेख नहुनु । किशोरकिशोरीको हातमा पकेट मनिको रूपमा पैसा पर्नु आदिलाई लिन सकिन्छ । उपर्युक्त समस्या आउनुमा घरको मूल सदस्यहरू रोजगारका क्रममा विभिन्न देशहरूमा जान बाध्य हुनु हो भन्ने देखिन्छ । आफू घर र देश बाहिर भएपछि छेराछोरीको लालनपालन र रेखदेखमा कमि आउने कुरात भयो नै जसले गर्दा किशोरकिशोरीहरू उमेरका केटाकेटीहरू नराम्रो संगत तथा लहरमा कुलत तथा दुर्व्यसनमा संलग्न भएको पाइयो (देउमाई नगरपालिका, २०७४) ।

## ४.६ वैदेशिक रोजगारीको प्रभावको विश्लेषण (Analysis of Effect of Foreign Employment)

आजका युवाहरूको वैदेशिक रोजगारी प्रतिको आकर्षण देख्दा नै यस भित्रका थुप्रै सकारात्क पक्षहरू रहेको भनि बुझ्न सन्छि । वैदेशिक रोजगारीबाट सहभागिहरूलाई त फाइदा पुगेको छ । जसका कारणले पनि राज्यले बेरोजगार युवाहरूलाई वैदेशिक रोजगारीका लागि नयाँ नयाँ राष्ट्रहरूसँग श्रम स्वीकृति लिइरहेको छ र हालसम्म

११० राष्ट्र वैदेशिक रोजगारीका लागि खुला गरिएका छन् भने कुल गार्हस्थ उत्पादन विप्रेषणले धानिरहेको छ । ( वैदेशिक रोजगार विभाग, २०७२)

आजका विश्वका कुनै पनि देश पूर्णरूपले आत्मनिर्भर बन्न नसकेको अवस्थामा अन्तराष्ट्रिय व्यापारबाट आफ्ना आवश्यकताहरू पुरा गर्नुपर्ने हुन्छ । जसका लागि विदेशि मुद्रा आवश्यक पर्छ यस प्रकार वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोतको रूपमा वैदेशिक रोजगारीको स्थान प्रमुख रहेको छ ।

त्यस्तै व्यवस्थापकीय ज्ञानको विकास, गरिबी निवारण, संस्कृतिको आदानप्रदान, प्राविधिक सीपको विकास, व्यावसायिक सीप विकास गर्नमा समेत वैदेशिक रोजगारीले सकारात्मक प्रभाव पारिरहेको देखिन्छ ।

यद्यपी वैदेशिक रोजगारीका सकारात्मक पक्षहरू मात्र छैनन् यसका केहि नकारात्मक पक्षहरू पनि रहेका छन् । वैदेशिक रोजगारीले मानिसलाई आत्मनिर्भर भन्दा पनि बढी परनिर्भर बनाएको छ । पति र पत्नि बीच असमझदारीको विकास, सम्बन्ध विच्छेद, आत्महत्या, अनैतिक तथा असुरक्षित यौन सम्पर्कका कारण सिर्जित अनेकन समस्याहरू पनि वैदशिक रोजगारीका गलत परिणामहरू हुन् । फजुल खर्च गर्ने बानिको विकास पनि वैदेशिक रोजगारीकै परिणम हो । जसले गर्दा परिवारमा मनमुटावको सिर्जना भएको तथा घरबार लथालिङ्ग भएको पनि देख्न सकिन्छ ।

प्रायजसो बावु वैदेशिक रोजगारीमा संलग्न र आमा मेलापात जाने गर्नाले कतिपय वालवालिकामा माया स्नेहको भावना कम र आक्रोश ज्यादा रहने गरेको समेत देखिन्छ । र तिनै वालवालिका धुम्रपान, मध्यपान तथा लागु पदार्थ दुर्व्यसनको शिकार बन्ने गरेको समेत भेट्न सकिन्छ । वैदेशिक रोजगारमासंलग्न कतिपय कामदार आर्थिक रूपले सम्पन्न भएतापनि कतिले उतै मृत्युवरण गर्ने, कोही अङ्गभङ्ग भै स्वदेश फिर्ने अवस्था समेत विद्यमान छ । त्यस्तै वैदेशिक रोजगारीले व्यक्तिलाई आर्थिक रूपमा सक्षम बनाएतापनि सामाजिक सद्भाव, सहयोग, सहकार्य, नैतिकतामा बाध्न सकेको छैन । फलस्वरूप सामाजिक एकता र सहयोगको भावना कम हुँदै छ । एकले अर्कोलाई स्वीकार नगर्ने, माया, स्नेह, सम्मान र आदरका कुराहरू पनि कम हुदै गएको देख्न सकिन्छ । वैदेशिक रोजगारीबाट आर्थिक सक्षमता हासिल गरिसकेपछि मानिसहरू शहर तथा तराई बसाइसराइ गर्ने गरेकाले ग्रामिण बस्तिहरू भने निर्धन बस्तिकै रूपमा सीमित छन् ।

## ४.११ प्राप्तिको सारांश (Summary of the Finding)

यो अध्ययन इलाम जिल्लाको देउमाई नगरपालिकाको वडा नं. २, ३, र ४ मा वैदेशिक रोजगारीले आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा सम्पन्न गरिएको छ ।

प्रश्तुत शोधपत्रमा ३ वटा उद्देश्यहरूमध्ये पहिलो वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवारको रोजगारमा जानुअघि र पछिको आयको तुलनात्मक अध्ययन गर्नु, दोस्रोमा वैदेशिक रोजगारी पूर्व र पश्चात उनीहरूका वालवालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु, र तेस्रोमा वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवारको सामाजिक स्तरमा परेको प्रभाव र परिवर्तनको तुलनात्मक तथा गुणात्मक अवस्था पत्ता लगाउनु रहेका छन् । प्राथमिक र द्धितीय तथ्याङ्कको आधारमा तयार पारिएको यस सोधपत्रमा प्राथमिक तथ्याङ्कमा वि.स. २०६८ सालदेखि २०७४ कार्तिक सम्म वैदेशिक रोजगारीमा संलग्न मध्येबाट वडा नं. २, ३ र ४ बात क्रमश ५२, ७८ र ७० गरी जम्मा २०० घरधुरीका १८० पुरुष र २० जना महिलालाई अध्ययनको केन्द्रविन्दु बनाइएको छ । द्धितीय तथ्याङ्कहरूमा वैदेशिक रोजगारी र त्यसको प्रभावसँग सम्बन्धित पुराना शोधपत्रहरू, वैदेशिक रोजगार विभागबाट प्रकाशित प्रतिवेदन तथा वेवसाइट, श्रम मन्त्रालयको वेवसाइट तथा केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्कहरू, नेपाल राष्ट्र बैङ्कको वेवसाइटबाट प्राप्त तथ्याङ्कहरू रहेका छन् । यस प्रकार गरिएको शोधको सारांश निम्नानुसार रहेको छ :

- सबैभन्दा बढि वैदेशिक रोजगारीमा जाने पुरुष र महिला कतारमा २१.५ प्रतिशत त्यसपछि क्रमश दुवई २१ प्रातिशत, मलेसिया १७ प्रतिशत साउदी अरब १६.५ प्रतिशत, दक्षिण कोरिया ११.५ प्रतिशत, बहराइन ६.५ प्रतिशत, ओमन ६ प्रतिशत सहभागी रहेकोमा बहराइन र ओमन जाने महिलाको सङ्ख्या भने देखिएन ।

- देउमाई नगरपालिका वडा नं. २, ३ र ४ मध्ये सबैभन्दा बढी वडा नं. ३ बाट ३९ प्रतिशत, वडा नं. ४ बाट ३५ प्रतिशत र सबैभन्दा कम वडा नं. २ बाट २६ प्रतिशत सहभागि रहेको देखिन्छ ।
- जातिगत हिसाबले हेर्दा सबैभन्दा बढी जनजाति समुदायका ४५ प्रतिशत र सबैभन्दा कम दलित समुदायका १३.५ प्रतिशत वैदेशिक रोजगारीमा सहभागी रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा सहभागी मध्ये अध्ययन क्षेत्रका २०० जना लिएकोमा सबैभन्दा बढि २५ देखि ३५ वर्ष उमेर समुहका ४४.५ प्रतिशत युवायुवतीहरू रहेको पाइयो भने ४५ वर्ष माथिका सबैभन्दा कम २प्रतिशत मात्र त्यसमा पनि पुरुष मात्र रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा संलग्न मध्ये ३१ प्रतिशत पुरुष तथा २ प्रतिशत महिला सहभागी विवाहित रहेको पाइयो भने वैदेशिक रोजगारीमा संलग्न ३९ प्रतिशत पुरुष अविवाहित र ८ प्रतिशत महिला अविवाहित रहेको पाइयो । समग्रमा ६३ प्रतिशत सहभागी विवाहित र ३६ प्रतिशत अविवाहित रहेको पाइयो ।
- वैदेशिक रोजगारी पूर्वको पारिवारीक आम्दानी विवरण हेर्दा कुल आम्दानी रु.२,९५,००,०००/- रहेको छ जसमध्ये कृषि तथा पशुपालनबाट ४८.८ प्रतिशत, व्यापार व्यावसायबाट २३.६३ प्रतिशत, स्वदेशी रोजगारबाट १४.९२ प्रतिशत, घरेलु उद्योगबाट १३.८९ प्रतिशत आम्दानी प्राप्त हुने गरेको देखिन्छ । वैदेशिक रोजगारी पश्चात्को क्षेत्रगत आम्दानी विवरण हेर्दा कुल आम्दानी रु.९,२२,०५,०००/- रहेकोमा कृषि तथा पशुपालनबाट ३.७२ प्रतिशत, व्यापार व्यावसायबाट १३.०२ प्रतिशत, स्वदेशी रोजगारीबाट ७५.९२ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारीमा सहभागी पूर्व र पश्चात पारिवारीक आम्दानी वृद्धि भएको पाइयो ।
- वैदेशिक रोजगारी पूर्व २१ प्रतिशत घरपरिवारले वार्षिक रु.५०,००० सम्म आम्दानी प्राप्त गरेको देखिन्छ भने वैदेशिक रोजगारी पछि रु.५०,००० सम्म आम्दानी हुने परिवार सङ्ख्या नभएको पाइयो । वैदेशिक रोजगारी पूर्व रु.५०,००० देखि १,००,००० सम्म आम्दानी हुने घरपरिवारको सङ्ख्या ३५ प्रतिशत रहेकोमा पछि उक्त सङ्ख्या ८ प्रतिशतमा सिमित हुन पुगेको छ त्यस्तै रु.१,००,००० देखि रु.१,५०,००० सम्म वार्षिक आम्दानी हेर्दा वैदेशिक रोजगारी पूर्व २९ प्रतिशत घरपरिवार छन् भने वैदेशिक रोजगारी पछि १२ प्रतिशत रहन पुगेको छ । वार्षिक रु.१,५०,००० देखि रु.२,००,००० सम्मको आम्दानी हेर्दा वैदेशिक रोजगारी पूर्व ९ प्रतिशत परिवार रहेकामा वैदेशिक रोजगार पश्चात् १६ प्रतिशत रहन पुगेको छ । त्यस्तै वैदेशिक रोजगारी पूर्व ४ प्रतिशत घर परिवारले मात्र रु.२,००,००० देखि रु.२,५०,००० सम्म वार्षिक आम्दानी प्राप्त गरेकोमा वैदेशिक रोजगार पछि उक्त सङ्ख्या २१ प्रतिशत पुगेको छ । रु.२,५०,००० देखि रु.३,००,००० सम्मको तहलाई हेर्दा वैदेशिक रोजगारी पूर्व २ प्रतिशत परिवार सङ्ख्या रहेकोमा पछि बढेर २४ प्रतिशत पुगेको छ । त्यस्तै वैदेशिक रोजगारी पूर्व वार्षिक आम्दानी रु.३,००,००० भन्दा माथि घर परिवार देखिदैन भने वैदेशिक रोजगारी पछि १९ प्रतिशत रहन पुगेको छ ।
- वैदेशिक रोजगारी पूर्वको वार्षिक पारिवारीक खर्च हेर्दा कूल खर्च रु.२,९६,०१,५०,००/- र औषत प्रतिव्यक्ति खर्च रु.१,४८,००,७५/- देखिन्छ । जसमध्ये ६१.०८ प्रतिशत उपभोगमा, ८.५५ प्रतिशत शिक्षामा, ६३ प्रतिशत स्वास्थ्यमा, ५.३४ प्रतिशत चाडपर्वमा र १८.८० प्रतिशत अन्य क्षेत्रमा खर्च भएको

देखिन्छ । त्यस्तै वैदेशिक रोजगार पछिको वार्षिक पारिवारीक खर्च हेर्दा कूल खर्च रु.७,७७,०५,०००/- रहेको देखिन्छ । ३६.९२ प्रतिशत उपभोगमा, १९.३९ प्रतिशत शिक्षामा, ५.४६ प्रतिशत स्वास्थ्यमा, २५.१९ प्रतिशत चाडपर्वमा र ११.०२ प्रतिशत अन्य क्षेत्रमा खर्च गरेको पाइयो । वैदेशिक रोजगारी घि र पछिको खर्चको तुलनात्मक अध्ययन गर्दा चाडपर्व र मनोञ्जनमा गरिने खर्च तीव्र गतिले बढेको पाइयो ।

- वैदेशिक रोजगार पूर्व वार्षिक रु.८०,००० सम्म खर्च गर्ने घरपरिवार २४ प्रतिशत रहेका छन् भने पछि ८ प्रतिशतमा झरेको छ । रु.८०,००० देखि रु.१,००,००० सम्म खर्च गर्ने घरपरिवार सङ्ख्या वैदेशिक रोजगारी पूर्व ३१ प्रतिशत रहेकोमा पछि १४प्रतिशत हुन गएको छ । त्यस्तै वैदेशिक रोजगारी पूर्व रु.१,००,००० देखि रु.१,५०,००० सम्म खर्च गर्ने परिवार सङ्ख्या ४२ प्रतिशत रहेकोमा वैदेशिक रोजगार पश्चात उक्त सङ्ख्या बढ्र ५२ प्रतिशत हुन पुगेको छ । त्यस्तै वैदेशिक रोजगारी पूर्व रु.१,५०,००० देखि २,००,००० सम्म वार्षिक खर्च गर्नेपरिवार सङ्ख्या ३ प्रतिशत रहेकोमा वैदेशिक रोजगारी पछि १७ प्रतिशत हुन पुगेको छ । वैदेशिक रोजगारी पूर्व रु.२,००,००० भन्दा माथि खर्च गर्ने घर परिवार नभएको पाइयो भने वैदेशिक रोजगार पछि ९ प्रतिशत घरपरिवारले खर्च गर्ने गरेको पाइयो ।
- वैदेशिक रोजगार पूर्व र पछिको पारिवारीक बचत तथा ऋणको सिथिति हेर्दा वैदेशिक रोजगारी पूर्व कूल आम्दानी रु.२,९५,००,००० र कुल खर्च रु.२,९६,०१,५०० रहेकोले ऋण रु.१,०१,५०० देखिन्छ भने वैदेशिक रोजगार पछि कुल आम्दानी रु.२,९९,०५,००० र कूल खर्च रु.७,७७,०५,००० रहेको छ । परिणाम स्वरुप रु.१,४,५००,००० रहेको देखिन्छ ।
- वैदेशिक रोजगारी पूर्व ९१.९२ प्रतिशत वालवालिका सरकारी विद्यालयमा अध्ययन गर्थे भने वैदेशिक रोजगारी पछि २९.८१ प्रतिशत अध्ययन गर्ने गर्थे । त्यस्तै वैदेशिक रोजगारी पूर्व १७.२० प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययन गर्थे वैदेशिक रोजगार पछि ३०.७७ प्रतिशत वैदेशिक रोजगार पूर्व दुवै विद्यालयमा अध्ययन गर्ने ३०.७७ थिए भने वैदेशि रोजगार पछि ३९.४२ प्रतिशत वालवालिका अध्ययन गर्थे ।
- सामाजिक ल्याकत बढेसँगै तुलनात्मक रूपमा सापेक्षिक सामाजिक ल्याकत र प्रतिष्ठा बढेको महसुस गरेको पाइयो, विभिन्न सामाजिक क्रियाकलापहरूमा आफ्नो भुमिका तथा उपसिथिति बढेको महसुस गरेको पाइयो, आन्तरिक बसाइँसाराइँ तुलनात्मक रूपमा बढेको पाइयो, दाम्पत्य जीवनमा भने केही विचलनको उदाहरणहरू पाइयो, र अभिभाकत्वको प्रत्याभूति नहुँदा किशोरकिशोरीहरू कुलत तथा लागुऔषधमा संलग्न भएको पनि पाइयो ।

## अध्याय पाँच (CHAPTER: FIVE)

## ५. निष्कर्ष र सुझावहरू (Conclusion and Recommendation)

वैदेशिक रोजगारीले शैक्षिक, आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको यो एक क्षेत्रगत अध्ययन हो । यसका विभिन्न सकारात्मक रनकारात्मक प्रभावहरू रहेका छन् । यस अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावहरूलाई तल प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको मुख्य उद्देश्य वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिइ साउदी अरब, दुवई, मलेसिया, कतार, ओमन, बहराइनर दक्षिण कोरिया गई फर्किएका वा उताई रहेका युवायुवतहिरू उक्त रोजगारीमा जानु अघि र

गएपछिको आर्थिक अवस्थाको तुलनात्मक अध्ययन गर्नु, उक्त रोजगारबाट प्राप्त आयले उनीहरूका वालवालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु र उक्त परिवारको सामाजिक स्तरमा परेको प्रभाव र परिवर्तनको तुलनात्मक र गुणात्मक अवस्था पत्ता लगाउनु थियो । उल्लेखित उद्देश्यहरू प्राप्तिका लागि इलाम जिल्ला देउमाई नगरपालिका वडा नं. २, ३ र ४ मा गरिएको अध्ययनबाट निम्न निष्कर्षमा पुगिएको छ ।

- नेपाली युवा पिढी स्वदेशमा रोजगारी नपाएर विद्यमान शिक्षा प्रणलीबाट उत्पादित जनशक्ति र श्रमबजारको माग बीचको बेमेल भएर, निर्वाहमुखी कृषि प्रणली, स्वदेशको तलव थोरै भएर, सूचना तथा सञ्चारको प्रभावका कारण, सामाजिक प्रतिष्ठा कायम राख्न र ऋण ग्रस्तताबाट मुक्त भइ आर्थिक सक्षम बन्न र आफ्ना सन्तानका भौतिक तथा शैषिक आवश्यकता पुरा गर्न वैदेशिक रोजगारीमा जाने गरेका छन् ।
- वैदेशिक रोजगारीले अध्ययन क्षेत्रको आर्थिक अवस्थामा सुधार आएको छ । वि.स.२०६८ लाई आधार मान्दा २०० घरधुरीको वार्षिक कुल आय रु.२,९५,००,०००/- र औषत आय रु.१,४७,५०,००/- वैदेशिक रोजगार पूर्व रहेकोमा वैदेशिक रोजगार पछि वार्षिक कुल आय रु.९,२२,०५,०००/- र औषत आय रु.१,४८,००,७५/- रहेको देखिन्छ । वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकसँग श्रम सम्झौता भएसँगै त्यहाँ गएका नेपाली कामदार पुराना हुँदै जाँदा काममा दक्षता हमसिल गरी तलवमान वृद्धि हुँदै जाने, कम्पनि अनुसार प्रत्येक वर्ष तलव वृद्धि हुदै जानु, विनिमय दरको परिवर्तन तथा पछिल्लो समयमा वैदेशिक रोजगारीमा सहभागी हुन चाहने व्यक्ति आधारभूत सीप यहि नै सिकेर जाने गर्नाले पछिल्ला वर्षहरूमा क्रमिक रूपमा वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी अपवाद बाहेक बढेको देखिन्छ । यद्यपि केही व्यक्तिहरूले भने आफ्नो आम्दानी मद्यपानमा समाप्त पारेको, केहि श्रमिकलाई कम्पनि मालिकले सम्झौता अनुसारको तलव नदिएको तथा उचित समयमा पारिश्रमिक उपलब्ध नगराएको समेत भेटिएको छ ।
- वैदेशिक ोजगारीबाट प्राप्त आम्दानी खाद्यान्न र लत्ताकपडा, शिक्षा र स्वास्थ्य, चाडपर्वर मनोरञ्जन तथा घरको पुनर्निमाणमा खर्च भएको देखिन्छ भने बचत रकम गाउमै ब्याज, जगगा तथा घडेरी खरिद तथा बचत गरेको देखिन्छ ।
- वैदेशिक रोजगारी पूर्व कूल बालबालिका मध्येका ९१.९२ प्रतिशत सरकारी विद्यालयमा र १७.२० प्रतिशत निजी विद्यालयमा अध्ययन गर्ने गरेकोमा वैदेशिक रोजगारी पछि सरकारी विद्यालयमा २९.८१ प्रतिशत र निजीमा ३०.७७ प्रतिशत अध्ययन गर्ने गरेको देखिन्छ । यसप्रकार वैदेशिक रोजगारीमा सहभागितासँगै सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या घट्न गएको छ भने संस्थागत विद्यालयमा अध्ययन गर्ने वालवालिकाको सङ्ख्यामा उल्लेखनीय वृद्धि हुन पुगेको देखिन्छ ।

## ५.२ सुझावहरू (Recommendations)

वैदेशिक रोजगारबाट प्राप्त आय अनुत्पादनशिल षेत्रमा बढी खर्च भइरहेको अध्ययनले देखाएको हुनाले उत्पादनशिल क्षेत्रमा खर्च गर्नुपर्छ र वैदेशिक रोजगारीमा सहभागिहरूलाई उत्पादनशिल क्षेत्रमा लगानि गर्न

प्रोत्साहन गर्नुपर्छ । वैदेशिक रोजगारीमा जाँदा सम्बनिधित देशको भाषा तथा काम सम्बन्धि तालिम लिएर मात्र वैदेशिक रोजगारीमा जानुपर्ने देखिन्छ ।

वैदेशिक रोजगारीका कारण आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थामा सकारात्मक प्रभाव परेको हुँदा अध्ययनबाट स्पष्ट भइसकेको छ तथापी वैदेशिक रोजगारी व्यवस्थित हुन भने सकेको छैन औसत रूपमा हेर्खा प्रभाव सकारात्मक देखिए पनि केही अवस्थामा भने नकारात्मक प्रभाव परेको पनि पाइन्छ । स्वदेशमा रोजगारीका सिमित अवसरका कारण वैदेशिक रोजगारीमा जानु आजको नेपाली युवाको बाध्यता बनिरहेको अवस्थामा यस क्षेत्रबाट अझै लाभ लिनको लागि विभिन्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ । जस अनुसार सरकारको लागि वैदेशिक रोजगारीमा संलग्न हुन चाहने तथा संलग्नका लागि र स्थानीय निकायको लाथि केही सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत सुझावहरू (Policy Related Recommendations)

१. सरकारले वैदेशिक रोजगार सम्बन्धि स्पष्ट नीति बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

२. वैदेशिक रोजगारदाता देशसँग श्रम सम्झौता गर्दा नेपालीहरूको हित हुने गरी श्रम सम्झौता गर्नुपर्छ ।

३. नेपाली कामदार पठाउने देशमा अनिवार्य रूपमा नेपाली राजदुताबास खोल्नुपर्ने तथा भइरहेका राजदुतावासका कर्मचारीलाई नेपाली कामदारका समस्या समाधान गर्नका लागि सरिक्रय रूपमा परिचालन गर्नुपर्दछ ।

४. वैदेशिक रोजगारीमा सहभागि हुने प्रकृयामा निहित ठगि तथा शोषणक निगरानी र नियन्त्रण राज्यले गर्नुपर्छ ।

५. वैदेशिक रोजगारीमा जान चाहने युवाहरूको लागि विदेशबाट आउने कामदारको माग र कामको प्रकृति अनुसार तालिमको व्यवस्थ ागर्नुपर्ने ।

६. अन्य विकसित देशहरूसँग श्रम सम्झौता गर्दै जानुपर्ने ।

### ५.२.२ व्यावहारिक सुझावहरू (Practice Related Recommendations)

१.स्वदेशमा नै सीप सिकेर वैदेशिक रोजगारीमा जानुपर्छ । वैदेशिक रोजगारीमा जाँदा विश्वासिलो र भरपर्दो मेनपावर कम्पनि मार्फत जानुपर्छ ।

२. जानी जानी झुटो विवरण र झुटा कागजपत्र बनाई जानु हुदैन ।

३. वैदेशिक रोजगारीमा  जाँदा वीमा गरेर मात्र जानु पर्दछ ।

४. लाग्ने खर्च र प्राप्त हुने आम्दानी आम्दानीका उपलब्ध सुविधाहरूको बारेमा स्पष्ट जानकारी लिइसकेपछि मात्र जानुपर्छ ।

५.काम गर्न गएको मुलुकको राजदुतावास, श्रम रहचारीसंघ, आवासीय नेपाली एवं अन्य नेपाली संघ संस्थाको ठेगाना तथा फोन नम्बरहरू साथमा राख्नुपर्छ ।

६. सम्बन्धित मुलुकको कम्पनि नियमको पालना गर्नुपर्छ ।

७. आफ्नो स्वास्थ्य अवस्था र क्षमतालाई ख्याल गर्दै ओभर टाइम काम गर्नु पर्छ ।

८. प्राप्त आम्दानी फजुल खर्च नगरी बैकिङ् प्रणली मार्फत पठाउनुपर्छ ।

९. वैदेशिक रोजगार सम्बन्धि विविध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

१०. राहदानीको सिफरिस लिन होस या राहदानी लिन आउदा होस वैदेशिक रोजगारीमा जान चाहनेको लागि आवश्यक भाषा, कामको लागि तालिम लिएर मात्र जान सल्लाह दिने ।

११. वैदेशिक रोजगारबाट प्राप्त आम्दानीलाई उत्पादनशिल क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

### ५.२.३ भावि अनुसन्धान अध्ययनका लागि सुझावहरू (Further Research Related Recommendations)

१. वैदेशिक रोजगारी भन्दा अन्य क्षेत्रबाट र्जित रोजगारीले पारेको आर्थिक, शैक्षिक तथा सामाजिक प्रभावको अध्ययन गर्न सकिन्छ ।

२. वैदेशिक रोजगारीबाट पारेको सामाजिक, धार्मिक, नैतिक तथा प्राविधिक प्रभावको अध्ययन गर्न सकिन्छ ।

अनुसुची (१)

**प्रश्नावली (Questionnaire)**

१.तपाइको परिवारको विवरण उल्लेख गर्नुहोस् ।

| क.स. | नाम थर | उमेर | लिङ्ग | पेशा | रोजगारीको लागि गएको देश | शिक्षा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |

**क. वैदेशिक रोजगारीमा जानु अघि र पछिको अवस्था**

१. वैदेशिक रोजगारीमा जानुभन्दा अगाडी तपाइको पेशा के थियो ?

.......................................................................................

२. तपाई उक्त व्यावसाय सञ्चालन गर्दा गर्दै किन विदेश जानु भएको हो ?

.............................................................................................

३.वैदेशिक रोजगारीमा जानु अघि तपाईको आम्दानी कति थियो ?

...............................................................................

४. तपाई वैदेशिक रोजगारीमा जानुको कारण के हो ?

.............................................................................

५. तपाइलाई विदेश जान कसले प्रेरित गर्‍यो ?

...........................................................................

६. तपाई वैदेशिक रोजगारीमा गइसकेपछि तपाईको परिवारमा राम्रो परिपर्तन के भयो ?

.........................................................................................................

७. नराम्रो परिवर्तन केहि भयो कि ?

..............................................................................................

८. तपाईले कस्तो किसिमको काम गर्नुभयो ?

.......................................................................................

९. तपाइ वैदेशिक रोजगारीमा गइसकेपछि तपाइको आर्थिक अवस्था मजबुद भएको हो ?

.................................................................................................

१० वैदेशिक रोजगारीमा जानु अघि र पछिको आम्दानी उल्लेख गर्नुहोस ।

(अ) विदेश जानु अघि..............................

(आ) विदेश गएपछि .............................

११. तपाई वैदेशिक रोजगारीमा जानु अघि र पछि समाजमा आफ्नो स्तर कस्तो पाउनुहुन्छ ?

...................................................................................................................................................................................................................

.............................................................................................................................................................................

**ख. वैदेशिक रोजगारी**

१. वैदेशिक रोजगारी जानु पूर्वको समस्या

अ. तपाई वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानु पूर्व कुनै समस्या आइपऱ्यो कि परेन ?

................................................................

आ. समस्या आएको भए कस्तो समस्या आइपऱ्यो ?

.......................................................................

इ. तपाइलाई विदेश लाने मेनपावरले आवश्यक भन्दा बढी रकम लियो कि लिएन ?

...............................................................................................

ई. बढि रकम लिएको भए कति रकम लियो ?

............................................................................

उ . तपाइसँग त्यसरी बढी रकम लिएको कुरा सम्वन्धित निकायमा जानकारी दिनु भयो कि भएन ?

..........................................................................................................

ऊ. सम्वन्धित निकायमा जानकारी दिएपछि बढी तिरेको रकम फिर्ता पाउनुभयो त ?

....................................................................................................

ए. तपाईलाई मेनपावरले भनेको समयमा पठायो त ?

.....................................................................................

ऐ . तपाईले वैदेशिक रोजगार एजेन्सिबाट कुनै दुःख पाउनु भएको भए उल्लेख गर्नुहोस ।

...........................................................................................................

**ग. वैदेशिक रोजगारीमा गएपछिका समस्या :**

क. तपाई नेपालबाट विदेश पुगेपछि तपाईलाई लिन कम्पनिबाट समयमै आए कि आएनन ?

..............................................................................................................

आ. तपाई विदेश जानुभन्दा पहिले कुनै काम सिकेर जानुभयो कि भएन ?

.................................................................................................

इ. तपाइले पारिश्रमिक नियमित रूपमा पाउनुभयो ?

.....................................................................................

ई. तपाइले काम गर्ने कम्पनिमा मालिक र कामदारको सम्वन्ध कस्तो पाउनुभयो ?

.........................................................................................................

उ. नेपाली र विदेशी सँगसँगै काम गर्दाको अनुभव बताइदिनुहोस् ।

.....................................................................................................

**घ. वैदेशिक रोजगारबाट फर्केपछिको समस्या**

अ. तपाई वैदेशिक रोजगारबाट फर्केपछि कुनै समस्या आइपऱ्यो कि परेन ?

.......................................................................................................

आ. तपाईलाई कस्तो प्रकारको समस्या आइपऱ्यो ?

..............................................................................................

इ. तपाइले वैदेशिक रोजगारीबाट केहि सिप सिकेर आउनुभयो ?

......................................................................................

ई. यदि सिक्नु भएको छ भने कस्तो सीप सिक्नुभयो ?

................................................................................

उ. तपाईले विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्नुभएको छ ?

..............................................................................................

ऊ. यदि उपयोग गर्नु भएको छ भने कस्तो क्षेत्रमा प्रयोग गर्दै हुनुहुन्छ ?

.........................................................................................................

**अनुसूची २**

**वैदेशिक रोजगारमा गएका व्यक्तिको परिवारको अभिभावकका लागि प्रश्नावली**

जिल्ला :........................  गा.वि.स.: ................  वडा नं. ..................

नामथर :.......................  लिङ्ग :...............

उमेर :...................  धर्म :..............

वैवाहिक स्थिति :...................  जात :......................

शिक्षा :................ परिवारको सङ्ख्या...........

पेशा :.................. भाषा :.................

परिवारको सदस्य वैदेशिक रोजगारीमा गएको देश :................................................

१. वैदेशिक रोजगारमा संलग्न सदस्य तपाइको नाता के पर्नुहुन्छ ?

अ. छोरा आ. छोरी

इ. श्रीमान ई. श्रीमती

२. तपाईको परिवारको सदस्य विदेश जानु पूर्व तपाइहरू के पेशा/व्यावसाय संचालन गर्नुहुन्थ्यो ?

अ. कृषि आ. व्यापार

इ. जागिर ई. अन्य

३. तपाइको अर्थोपार्जनको मूख्य स्रोत के हो ?

अ. वैदेशिक रोजगार र कृषि आ. वैदेशिक रोजगार र कृषि

इ. वैदेशिक रोजगार र स्वदेशी रोजगार ई.वैदेशिक रोजगार र अन्य

४.वैदेशिक रोजगारीमा जानु अघि तपाइको मासिक आम्दानी कति थियो ?

अ. मासिक रु. ५-१० हजार आ. मासिक रु.१०-१५ हजार

इ. मासिक रु. १५-२० हजार ई. मासिक रु. २० हजार देखि माथि

५.तपाइको वार्षिक आम्दानीबाट कुन-कुन क्षेत्रमा खर्च गर्नुहुन्छ ?

खर्चको स्रोत: खर्च रकम:

अ. गाँस, वास, कपास रू.....................

आ. शिक्षा रू.....................

इ. स्वास्थ्य रू.....................

ई. अन्य रू.....................

६. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारीमा जानुको कारण के हो ?

अ. स्वदेशमा रोजगार नपाएर आ. स्वदेशी रोजगारबाट असन्तुष्ट भएर

इ. परिवारको दबावमा परेर ई. अन्य

७. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा जानु अघि अर्थोपार्जनको स्रोत के थियो ?

अ. कृषि आ. व्यपार

इ. स्वदेशी रोजगार ई. अन्य

८. वैदेशिक रोजगारमा जानुभन्दा पहिलेतपाइको छोराछोरी कुन विद्यालय पठाउनुहुन्थ्यो ?

अ. सरकारी आ. निजी

९. वैदेशिक रोगारीमा जानुभन्दा पहिले हुने मासिक खर्च :

| शीर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| स्वास्थ्य | | |
| खाद्यान्न | | |
| लत्ताकपडा | | |
| चाडपर्व | | |
| मल वीउ | | |

१०. वैदेशिक रोजगारीमा गए पछि तपाइको मासिक आम्दानी कति भयो ?

अ. मासिक रु.२०-३० हजार आ. मासिक रु.३०-४० हजार

इ. मासिक रु. ४०-५० हजार ई. मासिक रु. ५० हजार देखि माथि

११. वैदेशिक रोजगारमा गएपछि मासिक खर्च :

| शिर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| स्वास्थ्य | | |
| लत्ताकपडा | | |
| चाडपर्व | | |
| मलवीउ | | |
| घरको पुन निर्माण | | |

१२. तपाइले प्राप्त गरेको आम्दानीलाई मासिक कति बचत गर्नुहुन्छ ?

अ. रु. ५-१० हजार आ. रु .१०-१५ हजार

इ. रु. १५-२० हजार ई. रु. २५-३० हजार

१३. बचत रकमलाई के मा लगाउनु भएको छ ?

अ. बैङ्कमा राखेको छु आ. व्यावसायमा लगानी गरेको छु

इ. व्यक्तिलाई दिएको छु ई. अन्य

१४. तपमइको परिवार वैदेशिक रोजगारीमा गएपछि तपाइका बालबालिका कस्तो विद्यालयमा अध्ययन गर्दछ ?

अ. सरकारी आ. निजी

१५. तपाइले निजी विद्यालयमा नै किन अध्यापन गराउनु भएको हो ?

अ. पठनपाठन राम्रो भएर आ. आम्दानी स्तर राम्रो भएर

इ. अरूको छोराछोरी निजी विद्यालयमा गएको देखेर ई. अन्य

१६. तपाइको परिवार वैदेशिक रोजगारीमा गएपछि तपाइले शिक्षा क्षेत्रमा कति खर्च गर्नुहुन्छ ?

अ. ५-१०% आ. १०-१५%

इ. १५-२०% ई. २०-२५%

१७. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा जानुभन्दा पहिले कस्तो प्रकारको समस्या आइपऱ्यो ?

.............................................................................................................

१८. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारीमा गइसकेपछि तपाइलाई कस्ता समस्या देखा परे ?

.............................................................................................................

१९. ताइको परिवारको सदस्य वैदेशिक रोजगारीमा जानु अघि र गएपछि शिक्षामा के अन्तर आयो ?

.............................................................................................................

२०. तपाइले आजभोली शिक्षामा पऱ्याप्त खर्च पुऱ्याउन सकेजस्तो लाग्छ कि लाग्दैन ?

..................................................................................................................................................................................................

..................................................................................................................................................................

२१. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा गएपछि समाजमा आफ्नो स्तर कस्तो महसुस गर्नुहुन्छ ?

..................................................................................................................................................................................................

..................................................................................................................................................................................................

...........................................................................................

## अनुसूची ३

### वैदेशिक रोजगारीमा संलग्न घर परिवारको अवलोकन सूची

१. छनोटमा परेका घर परिवारको आर्थिक अवस्था

२. छनोटमा परेका घर परिवारको शैक्षिक क्षेत्रको अवस्था

३. छनोटमा परेका घरमा भएको भौतिक सामग्रीहरूको अवस्था

४. छनोटमा परेका घर परिवारको शौचालयको अवस्था

५. छनोटमा परेका घर परिवारको सरसफाइको अवस्था

## सन्दर्भसूची (References)


अर्थ मन्त्रालय, (२०७०), *वार्षिक बजेट* ,अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

कार्की, नरमाया (२०६८), *नेपालका लागि वैदेशिक रोजगारको सकारात्मक र नकरात्मक प्रभाव,* कान्तिपुर राष्ट्रिय दैनिक, काठमाण्डौ ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६९), राष्ट्रिय जनगणनाः राष्ट्रिय रिपोट, *काठमाण्डौ केन्द्रीय तथ्याङ्क विभाग,* राष्ट्रिय योजना आयोगको सचिवालय ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६९), राष्ट्रिय जनगणना २०६८ काठमाण्डौ : केन्द्रिय तथ्याङ्क विभाग ।

कार्की, नरमाया (२०६८), *नेपालका लागि वैदेशिक रोजगारको सकारात्मक र नकरात्मक प्रभाव,* कान्तिपुर राष्ट्रिय दैनिक, काठमाण्डौ ।

घिमिरे, प्रकाश (२०६३), नेपालको वैदेशिक रोजगारीका केही पक्षहरू, *मिरमिरे मासिक पत्रिका २०६३ ।* काठमाण्डौः नेपाल राष्ट्र बैङ्क ।

चौधरी रमेश (२०६३), *विप्रेषण आयको आकार,* काठमाण्डौः पैरवी प्रकाशन ।

तथ्याङ्क कार्यलय (२०७१), *नेपालमा वैदेशिक रोजगारीको संक्षिप्त अवलोकन,* काठमाण्डौ नेपाल राष्ट्र बैङ्क ।

दाहाल, कुलराज (२०६३), *गरिबी निवारणमा वैदेशिक रोजगारीको भूमिका, दमाचौर गाउँ विकास समिति, सल्यान,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय केन्द्रिय विभाग कीर्तिपुर ।

नेपालराष्ट्र बैङ्क, (२०६२), *अनुसन्धान विभागले गरेको अध्ययन संगालो,* काठमाण्डौ ।

नेपाल राष्ट्र बैङ्क, (२०७०), *आर्थिक सङ्गालो,* काठमाडौः पूर्ण कर्मचारी संघ बैंकर्स ।

पण्डित, सूर्यकुमार (२०५७), *नेपालमा वैदेशिक रोजगार,* काठमाण्डौः वैदेशिक पत्रकार संघ, ताहाचाल ।

पोखरेल, राजिव (२०५७), *वैदेशिक रोजगारीको एक अध्ययन,* काठमाण्डौः साग्रीला प्रकाशन ।

वैदेशिक रोजगार विभाग, श्रम तथायातायात मन्त्रालय, (२०६८), *वार्षिक प्रतिवेदन २०६८/६९,* काठमाण्डौः श्रम तथा रोजगार मन्त्रालय ।

भूसाल, भोजराज र ओझा, मोहनकृष्ण (२०७०), *नायवसुब्बा प्रतियोगिता,* काठमाण्डौ सञ्जीवनी प्रज्ञान प्रकाशन प्रा. लि.।

राष्ट्रिय योजना आयोग, (२०६४),*दशौं पञ्चवर्षीय योजना (२०५९/२०६४),* काठमाण्डौ राष्ट्रिय योजना आयोग सिंहदरवार ।

शर्मा, चिन्तन (२००९), *नेपालको रेमिटेन्स* copy write प्रकाशन copy write Prawash abar.com

सिटौला, लक्ष्मण (२०६८), *वैदेशिक रोजगार अभिमुखीकरण,* काठमाण्डौः आर.डी.एन. प्रकाशन ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय (२०६७), *सुरक्षित वैदेशिकरोजगारीका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सरोकारवालाको प्रशिक्षण निर्देशिका,* काठमाण्डौः श्रम तथा यातायात व्यवस्था मन्त्रालय ।

श्रम मन्त्रालय, (२०६८), *श्रम तथा रोजगार अर्धवार्षिक पत्रिकावर्ष ४ अंक १,* काठमाडौंः नेपाल सरकार ।

रेग्मी धान्यप्रसाद (२०६९), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेकु प्रभाव,* अप्रकाशित सोधपत्र त्रि.वि. शिक्षाशास्त्र केन्द्रिय विभाग अर्थशास्त्र विभाग कीर्तिपुर ।

रेग्मी, हेमराज (२०६४), *लेवर स्टाटिस्क काठमाण्डौः* श्री ५को सरकार तथ्याङ्क विभाग ।

लम्साल, मनोज (२०७१), *शिक्षा रोजगारी र वैदेशि रोजगारी,* काठमाण्डौ वोर्टन प्रकाशन ।

वैदेशिक रोजगार विभाग (२०६८), *वार्षिक प्रतिवेदन (२०६८/६९),* काठमाण्डौः वैदेशिक रोजगार विभाग ।

ज्ञवाली, भाष्कर (२०६८), *नेपालमा रेमिटेन्स् बढ्दो छ,* काठमाडौःभिजन नेपाल पब्लिकेशन ।

ज्ञवाली, खेमराज (२०७०), नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्था र चुनौती (जनमैती परीक्षक), काठमाण्डौः जनमैत्री सञ्चार संजाल प्रा.लि. ।